# शुद्धोधन गाउँपालिका

## खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

(२०८२/२०८३ देखि २०८६/२०८७)




## Right to Food and Food Systems Strategic Plan (2025-2030)

# शुद्धोधन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लबनी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल






Suddhodhan Rural Municipality
कमलेश शरण चौधरी


खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गोष्ठी
(Right to Food and Food Systems Strategic Planning Workshop)
२८-३० चैत्र २०८१ (10-12 April 2025)
स्थानः लुम्बिनी बुद्ध गार्डेन रिसोर्ट, लुम्बिनी रुपन्देही
कालिका
Lumbini Buddha Garden



# शुद्धोधन गाउँपालिका

## खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

(२०८२/२०८३ देखि २०८६/२०८७)

# Right to Food and Food Systems Strategic Plan
# (2025-2030)


**शुद्धोधन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

लबनी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

## शुभकामना मन्तव्य

शुद्धोधन गाउँपालिका, कपिलवस्तु जिल्लाको मध्यवती तराई क्षेत्रमा अवस्थित ऐतिहासिक, धार्मिक, सांस्कृतिक र कृषिको दृष्टिकोणले समृद्ध स्थानीय तह हो । बौद्ध सभ्यता र बुद्धसँग सम्बन्धित पवित्र स्थलहरू रहेको यस क्षेत्रले धार्मिक पर्यटन, जैविक विविधता, उर्वर कृषियोग्य जमिन र परम्परागत ज्ञान प्रणालीका कारण रणनीतिक विकासका निम्ति प्रशस्त सम्भावनाहरू बोकेको छ । यहाँका जनताको जीविकोपार्जनको प्रमुख माध्यम कृषि, पशुपालन, रोजगारी र विदेशबाट आउने विप्रेषण हो । यद्यपि, जलवायु परिवर्तन, भूमि उपयोगमा असन्तुलन, सिमित स्रोतको उपयोग, खाद्य तथा पोषण सुरक्षाको न्यून स्तर जस्ता समस्याहरूले दीगो विकासमा चुनौतीहरू थपिरहेका छन् ।

नेपालको संविधान, २०७२ को धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ, जसमा पर्याप्त, पोषणयुक्त र सुरक्षित खाद्य पहुँचको प्रत्याभुत गरिएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० ले नागरिकको खाद्य तथा किसानको खाद्य सम्प्रभुता सम्बन्धी अधिकारलाई थप सुनिश्चितता गरेको छ र यसको कार्यान्वयनका लागि अवसर प्रदान गरेको छ । यी ऐन तथा नियमावलीमा भएका प्रावधानहरूलाई कार्यान्वयन गर्ने सन्दर्भ र शुद्धोधन गाउँपालिकाको दीर्घकालीन सोंच प्रविधि तर्फ अग्रसर शुद्धोधन गाउँपालिका लाई सार्थक तुल्याउने पक्षमा योगदान दिनका लागि यो खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको तयार गरिएको छ ।

यो रणनीतिक योजनाका क्रियाकलापहरू सोन्हौ योजना, कृषि विकास रणनीति, खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना तथा दिगो विकासका लक्ष्यहरूसँग सम्बन्धित रहेका छन् । खाद्य प्रणाली रूपान्तरणका पक्षमा गरिने कार्यक्रमहरुले समग्रमा नेपाल सरकारका लक्षित योजना, कार्यक्रम, उद्देश्य तथा समृद्धिका पक्षमा योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु ।

गाउँपालिकाको खाद्य प्रणालीको तत्कालिन अवस्थाको विश्लेषण गरी खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्ने उद्देश्य अनुरुप यो पञ्चबर्षिय रणनीतिक योजना तयार गर्नका लागि परियोजना चक्रका पाँच चरणहरू क्रमशः समस्या विश्लेषण, उद्देश्य विश्लेषण, योजनाको निर्माण, कार्यान्वयन, र अनुगमन र मूल्याङ्कनमा आधारित भई २०८१ चैत्र महिनामा तीन दिने कार्यशाला गोष्ठि आयोजना गरिएको थियो । कार्यशालाले सहभागीहरूबीच खाद्य प्रणाली र तिनका पक्षहरू, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र यी अवधारणाहरू बीचको अन्तरसम्बन्धहरूको विस्तृत जानकारी प्रदान गरेको थियो । कार्यशाला गोष्ठिको अन्तरक्रियाको क्रममा पहिचान गरिएका खाद्य प्रणालीका समस्याहरू र अन्तर्निहित कारणहरूलाई सम्बो धन गरी खाद्य प्रणालीलाई रूपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्य निर्धारण गरी खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गर्न रणनीतिक क्रियाकलापहरूको पहिचान र प्राथमिकीकरण गरिएको थियो । कार्यशाला गोष्ठिमा तयार पारिएको रणनीतिक योजनाको मस्यौदा रूपरेखालाई कार्यदल र सरोकारवालाहरूले थप समीक्षा गरी मस्यौदा खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गरिएको थियो । यसका साथै उक्त मस्यौदा रणनीतिक योजनालाई अन्तिम रूप दिनु अघि संघीय, प्रादेशिक र पालिकास्तरका प्रमुख सरोकारवालाहरूबाट सुझाव प्राप्त गरिएको थियो ।

यस रणनीतिक योजनाले खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्न विभिन्न योजनाहरूको तर्जुमा र त्यसको कार्यान्वयन लगायत योजनाले अपेक्षा गरेको उपलब्धिहरूको अनुगमन र मुल्याङ्कन प्रक्रियालाई प्रक्रियागत रूपमा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गरेको छ । यस रणनीतिक योजनाको सफल कार्यान्वयनले गाउँपालिकाको खाद्य प्रणाली थप समतामूलक, उत्थानशील र दिगो हुनुका साथै प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक सुनिश्चित हुने विश्वास लिएको छु ।

रणनीतिक योजना तयार गर्दा पालिकाका कार्यरत सरोकारवालाहरूसँगको सम्बन्ध र सहकार्यलाई सुदृढ गर्ने र खाद्य प्रणालीमा व्यापक विमर्श र खाद्य प्रणालीले पालिकाको समग्र समृद्धिमा कसरी योगदान पुऱ्याउन सक्छ भन्नेबारे जनचेतना बढाउन पनि महत्वपूर्ण भूमिका खेलेको थियो । यो रणनीतिक योजना तयार गर्ने

चरणमा, गाउँपालिकाका प्रमुख सरोकारवालाहरूको सक्रिय संलग्नतामा पालिकाको वर्तमान अवस्थाको गहन विश्लेषण गरेर खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना विकास गर्न खेलिएको भूमिका र योगदानका लागि धन्यबाद दिन चाहन्छु । रणनीतिक योजना तयारीमा पालिका प्रतिनिधिहरू गा.पा अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरू, सामाजिक परिचालकहरू, वडा अध्यक्ष तथा सदस्यहरू, रोजगार अधिकृत, बिषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरू अगुवा कृषक, कृषक समूह प्रतिनिधि, पालिकामा कार्यरत गैरसरकारी संस्था, उद्योग बाणिज्य संघका प्रतिनिधि, युवा क्लब लगायतको नागरिक समाज, पत्रकार, खाद्यसँग सम्बन्धित उद्यमीहरूको भूमिका महत्वपूर्ण रहेको थियो यसका लागि म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस रणनीतिक योजनामा उल्लेख भएका कार्यक्रमहरू प्रत्येक वर्ष प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गरी सञ्चालन गर्दै लगिनेछ । खाद्य प्रणाली रूपान्तरण एक बहुआयामिक र बहुपक्षीय प्रयासबाट मात्र सम्भव हुने सन्दर्भमा यस पालिकाको रणनीतिक योजना तयार गर्न लुम्बिनि प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय, कृषि ज्ञान केन्द्र लगायत यस पालिकामा कार्यरत विकास सरोकारवालाहरूको प्रत्यक्ष भूमिका रहेको थियो यसका लागि पनि म धन्यवाद दिन चाहन्छु । योजना निर्माण खाद्य प्रणाली रूपान्तरणको सुरुवात मात्र हो । यसको कार्यान्वयनमा समेत संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेशस्तरीय मन्त्रालयहरू तथा जिल्ला स्थित सरोकारवालाहरूको भूमिका अपरिहार्य छ र यसको कार्यान्वयनमा सहयोग प्राप्त हुने कुरामा विश्वस्त छु । अन्तमा यो रणनीतिक योजना निर्माणमा प्रत्यक्ष संलग्न भई सहजीकरण तथा प्राबिधिक सहयोग उपलब्ध गराउने कालिका स्वावलम्बन सामाजिक केन्द्र, फरवार्ड नेपाल, सहयात्री कन्सल्ट र वेल्टहङ्गरहिल्फे (डब्लु.एच.एच) बि.एम.जेड तथा सुधारिएको खाद्य प्रणाली परियोजना लाई विशेष धन्यवाद दिन चाहन्छु ।

हामी सबै सरोकारवाला, दातृ निकाय तथा समुदायसँग सहकार्य गर्दै यस योजनालाई सफल रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता ब्यक्त गर्दै यस गाउँपालिकाको तर्फबाट खाद्य प्रणाली रणनीतिक योजनाको सफल कार्यान्वयनका लागी शुभकामना ब्यक्त गर्दछु ।

**कमलेश शरण चौधरी**
गाउँपालिका अध्यक्ष
शुद्धोधन गाउँपालिका, कपिलवस्तु

## शुभकामना मन्तव्य

शुद्धोधन गाउँपालिका, कपिलवस्तु जिल्लाको ऐतिहासिक, धार्मिक तथा कृषि सम्भावनायुक्त एक महत्वपूर्ण स्थानीय तह हो। बुद्ध जन्मस्थल लुम्बिनीसँग नजिक रहेको तथा बौद्ध सभ्यताको आदिस्थलका रूपमा चिनिएको यस पालिकाले विभिन्न जातजाति, भाषा, संस्कृति र परम्परागत कृषि प्रणालीको समृद्ध मिश्रण बोकेको छ। यहाँका अधिकांश बासिन्दाको जीविकोपार्जनको आधार कृषि, पशुपालन, र श्रममुखी पेशाहरूमा आधारित रहेको छ। यद्यपि, बदलिंदो जलवायु, सिमित स्रोत/साधन, तथा पोषणको न्यून अवस्था जस्ता कारणहरूले खाद्य सुरक्षा र पोषणमा गम्भीर चुनौतीहरू देखिएका छन्।

नेपाल सरकारद्वारा जारी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५, सोको कार्यान्वयन कार्यविधि, २०८१, तथा खाद्य प्रणाली रूपान्तरण कार्यचक्र लाई मार्गदर्शकका रूपमा लिई, शुद्धोधन गाउँपालिकाले स्थानीय आवश्यकता, स्रोत र सन्दर्भअनुसार पाँचवर्षे खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना (२०८२/८३ – २०८६/८७) तयार गरेको हो।

योजना निर्माणका लागि पालिकास्तरका सरोकारवालाहरूलाई समेटी सहयात्री परामर्शदाताको सहजीकरणमा तीन दिने अभिमुखीकरण कार्यक्रम संचालन गरियो। त्यसपश्चात् एक कार्यदल गठन गरी स्थानीय समुदाय, महिला समूह, कृषक समूह, स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिनिधिहरूसँग प्रत्यक्ष परामर्श, तथ्यांक संकलन र मूल्याङ्कन गरिएको थियो। सहभागी र समावेशी प्रक्रियाबाट स्थानीय आवश्यकता र प्राथमिकताको पहिचान गरी अन्ततः यो रणनीतिक योजना तयार गरिएको हो।

उक्त योजना बि.एम.जेड/वेल्ट हङ्गर हिल्फेको आर्थिक सहयोगमा सञ्चालित सुधारिएको खाद्य प्रणाली परियोजना अन्तर्गत कालिका स्वावलम्बन सामाजिक केन्द्र र फरवार्ड नेपालको प्राविधिक सहकार्यमा तयार गरिएको हो।

यस योजनाले गाउँपालिकाको खाद्य सुरक्षाको अवस्था सुधार, पोषण प्रवर्द्धन, स्थानीय उत्पादन प्रणाली सुदृढीकरण, बजेट तथा नीतिमा पोषण समावेश, र कमजोर वर्गको पहुँच विस्तारमा रणनीतिक मार्गदर्शन गर्नेछ। पालिकाले यस योजनालाई पूर्ण रूपमा अवलम्बन गर्दै आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा समेत यसलाई समावेश गरेको जानकारी गराउँछु। साथै, पालिकाले यस्ता दीर्घकालीन नीति तथा रणनीति निर्माणलाई नियमित अभ्यासको रूपमा संस्थागत गर्ने प्रतिबद्धता पनि जनाएको छ।

यस अवसरमा, योजना निर्माण प्रक्रिया सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पालिकाका पदाधिकारी, जनप्रतिनिधि, सरोकारवाला निकायहरू, समुदाय, सहजीकरण टोली, र अन्य सहयोगी निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने **BMZ/WHH, KSSC, FORWARD Nepal**, तथा सहयात्री परामर्शदाता प्रति विशेष आभार प्रकट गर्दछु।

यो रणनीतिक योजना शुद्धोधन गाउँपालिकालाई समावेशी, पोषणमैत्री र दिगो खाद्य प्रणाली निर्माणतर्फ अघि बढाउने मार्गचित्र बन्नेछ भन्ने पूर्ण बिश्वास लिएको छु। योजनाको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर सहकार्य, समन्वय र अनुगमन गरिनेछ भन्ने प्रतिबद्धता साथ शुद्धोधन गाउँपालिका लवनी, कपिलबस्तुको तर्फबाट खाद्य प्रणाली रणनीतिक योजनाको सफलताका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु।

धन्यवाद



**होम प्रकाश चौधरी (कुर्मी)**
गाउँपालिका उपाध्यक्ष
शुद्धोधन गाउँपालिका, कपिलवस्तु

# शुभकामना मन्तव्य

शुद्धोधन गाउँपालिका, कपिलवस्तु जिल्लाको ऐतिहासिक, धार्मिक तथा कृषि सम्भावनायुक्त एक महत्वपूर्ण स्थानीय तह हो । बुद्ध जन्मस्थल लुम्बिनीसँग नजिक रहेको तथा बौद्ध सभ्यताको आदिस्थलका रूपमा चिनिएको यस पालिकाले विभिन्न जातजाति, भाषा, संस्कृति र परम्परागत कृषि प्रणालीको समृद्ध मिश्रण बोकेको छ । यहाँका अधिकांश बासिन्दाको जीविकोपार्जनको आधार कृषि, पशुपालन, र श्रममुखी पेशाहरूमा आधारित रहेको छ । यद्यपि, बदलिंदो जलवायु, सिमित स्रोतरसाधन, तथा पोषणको न्यून अवस्था जस्ता कारणहरूले खाद्य सुरक्षा र पोषणमा गम्भीर चुनौतीहरू देखिएका छन् ।

नेपाल सरकारद्वारा जारी खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५, सोको कार्यान्वयन कार्यविधि, २०८१, तथा खाद्य प्रणाली रूपान्तरण कार्यचक्र लाई मार्गदर्शकका रूपमा लिई, शुद्धोधन गाउँपालिकाले स्थानीय आवश्यकता, स्रोत र सन्दर्भअनुसार पाँचवर्षे खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना (२०८२/८३ – २०८६/८७) तयार गरेको हो ।

योजना निर्माणका लागि पालिकास्तरका सरोकारवालाहरूलाई समेटी सहयात्री कन्सल्टको सहजीकरणमा तीन दिने अभिमुखीकरण कार्यक्रम संचालन गरियो । त्यसपश्चात् एक कार्यदल गठन गरी स्थानीय समुदाय, महिला समूह, कृषक समूह, स्वास्थ्य तथा शिक्षा क्षेत्रका प्रतिनिधिहरूसँग प्रत्यक्ष परामर्श, तथ्यांक संकलन र मूल्याङ्कन गरिएको थियो । सहभागी र समावेशी प्रक्रियाबाट स्थानीय आवश्यकता र प्राथमिकताको पहिचान गरी अन्ततः यो रणनीतिक योजना तयार गरिएको हो ।

उक्त योजना **BMZ/WHH** को आर्थिक सहयोगमा सञ्चालित सुधारिएको खाद्य प्रणाली परियोजना (**NPL1083-22**) अन्तर्गत कालिका स्वावलम्बन सामाजिक केन्द्र र फरवार्ड नेपालको प्राविधिक सहकार्यमा तयार गरिएको हो ।

यस योजनाले गाउँपालिकाको खाद्य सुरक्षाको अवस्था सुधार, पोषण प्रवर्द्धन, स्थानीय उत्पादन प्रणाली सुदृढीकरण, बजेट तथा नीतिमा पोषण समावेश र कमजोर वर्गको पहुँच विस्तारमा रणनीतिक मार्गदर्शन गर्नेछ । पालिकाले यस योजनालाई पूर्ण रूपमा अवलम्बन गर्दै आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा समेत यसलाई समावेश गरेको जानकारी गराउँछु । साथै, पालिकाले यस्ता दीर्घकालीन नीति तथा रणनीति निर्माणलाई नियमित अभ्यासको रूपमा संस्थागत गर्ने प्रतिबद्धता पनि जनाएको छ ।

यस अवसरमा, योजना निर्माण प्रक्रिया सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पालिकाका पदाधिकारी, जनप्रतिनिधि, सरोकारवाला निकायहरू, समुदाय, सहजीकरण टोली, र अन्य सहयोगी निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने **BMZ/WHH, KSSC, FORWARD Nepal,** तथा **Sahayatri** परामर्शदाता प्रति विशेष आभार प्रकट गर्दछु ।

यो रणनीतिक योजना शुद्धोधन गाउँपालिकालाई समावेशी, पोषणमैत्री र दिगो खाद्य प्रणाली निर्माणतर्फ अघि बढाउने मार्गचित्र बन्नेछ भन्ने पूर्ण बिश्वास लिएको छु । योजनाको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर सहकार्य, समन्वय र अनुगमन गरिनेछ भन्ने प्रतिबद्धता साथ शुद्धोधन गाउँपालिका लबनी, कपिलवस्तुको तर्फबाट खाद्य प्रणाली रणनीतिक योजनाको सफलताका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद

**संजय चौधरी**
नि. प्रमुख प्रशासकिय अधिकृत
शुद्धोधन गाउँपालिका, कपिलवस्तु

# बिषय सूची

**परिच्छेद-१** ........ १
१.१ परिचयः गाउँपालिकाको पृष्ठभूमि ........ १
१.२ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सान्दर्भिकता ........ १
१.३ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना ........ ३
१.४ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सारसंक्षेप ........ ६

**परिच्छेद-२** ........ ८
२.१ खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था ........ ८
२.१.१ कृषि तथा पशुपालन ........ ८
२.१.२. सिचाई सुबिधा ........ १०
२.१.३ मल, कीटनाशक र बीउ व्यवस्थापन ........ ११
२.१.४ रोजगारीको स्थिति ........ १२
२.१.५. खाद्य सुरक्षाको स्थिति ........ १२
२.१.६. खानपानको ब्यबहार र पोषणको अवस्था ........ १३
२.१.७ जलवायु परिवर्तन र यसको कृषि क्षेत्रमा प्रभाव ........ १३
२.२ खाद्य प्रणालीका मुख्य समस्याहरू तथा कमजोर खाद्य प्रणालीका कारणहरू ........ १४
२.२.१ समस्या विश्लेषणः अस्थिर र कमजोर खाद्य प्रणाली ........ १६
२.३ खाद्य प्रणाली रूपान्तरणको सन्दर्भमा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरू ........ १९
२.४ सरोकारवालाहरूको नक्सांकन र विश्लेषण ........ २०
२.५ दिगो खाद्य प्रणालीका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरू ........ २३
२.५.१ उद्देश्य विश्लेषणः स्थिर र सबल खाद्य प्रणाली ........ २४
२.६ कार्यक्षेत्र र कार्यक्रमहरू ........ ३०
२.६.१ क्रियाकलापहरूको प्राथमिकताको लागि अंक निर्धारण ........ ३२
२.६.२ प्रस्तावित कार्यक्रमको खाका ........ ३६

**परिच्छेद-३** ........ ४४
३.१ योजना कार्यन्वयनका रणनीतिहरू ........ ४४
३.२ संस्थागत व्यवस्था ........ ४४
३.३ वित्तीय व्यवस्थापन ........ ४४
३.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण ........ ४५
३.५ सूचना प्रविधिमार्फत अभिलेखीकरण तथा प्रकाशन ........ ४५
३.६ अनुगमन तथा मुल्याकंन ........ ४६

३.७ संभावित जोखिम तथा सम्बोधनका उपायहरू ........ ४६
३.८ आगामी दिशा ........ ४८

**४. अनुसूचीहरू ........ ४९**
अनुसूची ४.१: पञ्चवर्षीय कार्यान्वयनको योजना ........ ४९
अनुसूची ४.२: जनसांख्यिकीय विवरण ........ ५४
अनुसूची ४.३: ५-वर्षे उमेर समूह र लिङ्गअनुसार जनसंख्या ........ ५५
अनुसूची ४.४: किसान परिवार र विभिन्न बालीमा जमिनको क्षेत्रफल ........ ५६
अनुसूची ४.५: परिवारको बार्षिक आम्दानिका क्षेत्रहरू (औसत आम्दानि) ........ ५६
अनुसूची ४.६: गाउँपालिकासंग भएको सान्दर्भिक ऐन, कानुन, निर्देशिका तथा कार्यविधिहरू....५६
अनुसूची ४.७: खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना निर्माण गोष्ठीमा सहभागीहरूको विवरण ........ ५७
अनुसूची ४.८: खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना निर्माण गोष्ठीको बिषयबस्तु ........ ५९
अनुसूची ४.९: खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना निर्माणका लागि गठीत कार्यदल तथा सल्लाहकारको विवरण ........ ६०
अनुसूची ४.१०: सन्दर्भ सामाग्रीहरू ........ ६१

# खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

## परिच्छेद - १

### १.१ परिचयः गाउँपालिकाको पृष्ठभूमि

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिका कपिलवस्तु जिल्लाको साविकका छ गा.वि.स.हरू – पिठुवा, पतरिया, नन्दनगर, लबनी, बासखोर र हथिहवा – समायोजन भई बनेको गाउँपालिका हो । गौतम बुद्धका पिता कपिलवस्तुका तत्कालिन राजा शुद्धोधनको नामबाट नामाकरण गरिएको यो गाउँपालिका जिल्लाको पूर्वी भागमा अवस्थित छ । कुल क्षेत्रफल ९१.६९ वर्ग कि.मी. ओगटेको यस गाउँपालिकाको सिमाना पूर्वमा रूपन्देही जिल्ला, पश्चिममा मायादेवी गाउँपालिका, उत्तरमा बाणगङ्गा नगरपालिका र दक्षिणमा छिमेकी राष्ट्र भारतसंग जोडिएको छ । ६ वटा वार्डहरूमा विभाजित यो गाउँपालिकाको कार्यालय लवनीमा अवस्थित छ । यो गाउँपालिका एतिहासिक तथा आर्थिक हिसावले परापुर्व काल देखि नै एक महत्वपूर्ण स्थलको रूपमा परिचित हुँदै आएको छ । बुद्धको जन्मस्थल लुम्बिनी र प्राचिन कपिलवस्तुको राजधानी तिलौराकोटलाई जोड्ने राजमार्गको बिचमा रहेको यस गाउँपालिकाको भूभाग समथर तथा उब्जाउ छ ।

**जनसांख्यिक विवरणः**

राष्ट्रिय जनगणना २०७८ को अनुसार शुद्धोधन गाउँपालिकाको कुल जनसंख्या ५२,८६१ (पुरूष – २५,९६१ र महिला – २६,९००) रहेको छ । लैंगिक अनुपात ९६.५१ रहेको यस गाउँपालिकामा वार्षिक जनसंख्या वृद्धिदर १.५० प्रतिशत रहेकोछ । कुल ८,५४३ घरधुरीहरू रहेको यस गाउँपालिकामा औसत रूपमा प्रत्येक घरमा ६.१९ जना बसोबास गर्छन् । जनसंख्याको सघनता पनि उल्लेखनीय छ, यहाँ प्रति वर्ग किलोमिटरमा ५७७ जना मानिसहरू बसोबास गरिरहेका छन् । शैक्षिक अवस्थालाई हेर्दा, गाउँपालिकामा कुल साक्षरता दर ६७.३ प्रतिशत रहेको छ । जसमा पुरूष साक्षरता दर ७६.३ प्रतिशत छ भने महिला साक्षरता दर ५८.२ प्रतिशत मात्र छ । गाउँपालिकाको कुल जनसंख्याको करिब २.४ प्रतिशत व्यक्तिहरू अपाङ्गता भएका छन् । मधेशी समुदायको बाहुल्यता रहेको यो गाउँपालिकामा मुस्लिम, यादव, पासवान (पसी), कुर्मी, चमार (राम, हरिजन), मल्लाह, थारू, तेली, ब्राह्मण, धोबी, गुप्ता लगायत विभिन्न जातजातीहरूको बसोबास रहेको छ ।

### १.२ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सान्दर्भिकता

नेपालको संविधान, २०७२ को धारा ३६ ले प्रत्येक नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ, जसमा पर्याप्त, पोषणयुक्त र सुरक्षित खाद्य पहुँचको ग्यारेन्टी गरिएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली २०८० ले नागरिकको खाद्य तथा किसानको खाद्य सम्प्रभुता सम्बन्धी अधिकारलाई थप सुनिश्चितता गरेको छ र यसको कार्यान्वयनका लागि अवसर प्रदान गरेको छ । यी ऐन

तथा नियमावलीमा भएका प्रावधानहरूलाई कार्यान्वयनका सन्दर्भमा पनि यस रणनीति योजनाको महत्वपूर्ण भूमिका  रहनेछ ।

त्यस्तै, नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धिहरू, जस्तै संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले पनि खाद्य अधिकार लाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरेका छन् । खाद्य प्रणालीले खाद्य उत्पादन देखि प्रशोधन, भण्डारण, बजार व्यवस्था, वितरण लगायत खाद्य शृङ्खलाका विभिन्न चरण हुँदै उपभोक्ताको भान्सा अर्थात उपभोगको अवस्था तथा विसर्जन (**Waste management**) को चरण समेत समेट्दछ । समग्रमा हाम्रो जन–जीवन, आर्थिक–सामाजिक तथा वातावरणीय सबै  क्षेत्रमा खाद्य प्रणालीले प्रभाव पार्दछ ।

आदर्श खाद्य प्रणालीले खाद्य सुरक्षाको सुनिश्चितता, दिगो कृषिको प्रवर्द्धन, खाद्यको क्षतिमा न्यूनता, स्थानीय अर्थतन्त्रलाई बढावा, आहारमा विविधता, पौष्टिक खाद्य किफायती मूल्यमा उपलब्धता र पहुँचमा सुनिश्चितता, खाद्य स्वच्छतामा बढोत्तरी, सामाजिक समता र समतामूलक आम्दानीलाई बढावा, शिक्षा र चेतनाको प्रवर्द्धन तथा उत्थानशीलता र प्रकृति अनुकूलनतामा भुमिका निर्वाह गरेको हुन्छ । तर हाम्रो खाद्य प्रणालीको अवस्था अपेक्षा गरेजस्तो छैन भनेर विभिन्न प्रतिवेदनहरूमा उल्लेख गरेको पाईन्छ । खाद्य उपलब्धताको क्षेत्रमा भनौं वा पोषणको क्षेत्रमा या आर्थिक समृद्धिको  क्षेत्रमा भनौं, वा समग्र वातावरणमा परेको प्रभावको सन्दर्भमा भनौं, खाद्य प्रणालीले जसरी सकारात्मक प्रभाव  पार्नु पर्ने  हो त्यो अवस्था छैन । अझ कोभिड १९ को महामारीबाट सामाजिक, आर्थिक तथा मानवीय क्षेत्रमा ठूलो रूपमा नकारात्मक प्रभाव पारेको छ । यसै तथ्यलाई मध्यनजर गरी संयुक्त राष्ट्रसंघ खाद्य प्रणालीलाई रूपान्तरण गरी दिगो विकासका १७ वटै लक्ष्यहरुमा सकारात्मक प्रभाव पारी यी लक्षहरू प्राप्त गने पक्षमा भूमिका निवार्ह गर्न सकियोस् भनेर संयुक्त राष्ट्रसंघले सम्पूर्ण सदस्य राष्ट्रहरूलाई विद्यमान खाद्य प्रणालीको विश्लेषण, विवेचना र त्यसको आधारमा रूपान्तरणका कार्यक्रमहरू, नीतिहरू पहिचान गरी कार्यान्वयन गनि सबै राष्ट्रहरूलाई आह्वान गरी संयुक्त राष्ट्र संघीय खाद्य प्रणाली शिखर सम्मेलन २०२१ को आयोजना गरिएको थियो ।

शिखर सम्मेलनको सहभागिताका सन्दर्भमा नेपालले खाद्य प्रणालीको विद्यमान अवस्थाको विश्लेषण गरी प्रमुख समस्याहरूको समाधान गर्दै मौजुदा खाद्य प्रणालीलाई अझबढी समतामूलक, उत्थानशील र दिगोतर्फ रूपान्तरण गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरू र प्रमुख सरोकारवालाहरूको सहभागितामा खाद्य प्रणाली संवादहरू सञ्चालन गरी रूपान्तरणका पक्षहरू पहिचान गरिएको थियो । यसै परिवेशमा लुम्बिनी प्रदेश सरकारले खाद्यलाई एउटा बस्तु (**Commodity**) को रूपमा नहेरी एउटा प्रणालीको रूपमा हेर्नु पर्छ भन्ने मान्यता आत्मसात गरेको छ ।

सन् २०२१ मा पारित गरिएको संयुक्त राष्ट्रसंघको **"Food Systems Summit"** ले समावेशी, न्यायोचित र दिगो खाद्य प्रणाली निर्माणको आवश्यकता औंल्याएको छ । यस शिखर सम्मेलनमा नेपालको खाद्य प्रणाली रूपान्तरण गरी दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न पहल गर्ने विषयमा

प्रतिबद्धता प्रस्तुत भएका थिए ।  त्यसै गरी बहुक्षेत्रीय पोषण योजना, शून्य भोकमरी रणनीति, कृषि विकास रणनीति खाद्य सुरक्षा र पोषण अवस्था सुधारमा लक्षित छन् । विद्यमान १६औं योजना (आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७) सम्म ले खाद्य प्रणाली रूपान्तरणलाई एक रूपान्तरणकारी रणनीतिको रुपमा उल्लेख गरेको छ । यी रणनीतिहरूलाई स्थानीयकरण गर्नका लागि पालिकाहरूले खाद्य प्रणाली रूपान्तरणको योजना निर्माण तथा कार्यान्वयन महत्वपूर्ण छ । खाद्य खाद्य प्रणाली रूपान्तरणको प्रक्रिया, स्थानीय तहबाटै कार्यान्वयन नभएसम्म राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा राष्ट्रिय प्राथमिकताहरू प्राप्त गर्न कठिन हुने सन्दर्भमा पालिकाहरूले खाद्य प्रणाली रूपान्तरणका योजनाहरू  निर्माण गरी कार्यान्वयन गर्न अपरिहार्य छ । यसका साथै खाद्य प्रणाली रुपान्तरणको प्रक्रिया एक प्रणालीगत (system wide approach) रूपमा योजना निर्माण तथा कार्यान्वयनको अवधारणाले समष्टिगत (holistic) दिगो विकासमा योगदान दिन्छ ।

शुद्धोधन गाउँपालिकाको सन्दर्भमा, कृषिमा निर्भरता उच्च भए तापनि उत्पादन तथा पहुँचमा विविध चुनौतीहरू देखिन्छन जस्तै – जलवायु परिवर्तनको असर, सिँचाइ अभाव, पोषणयुक्त खाद्य आपूर्तिमा असमानता, र विपन्न वर्गमा खाद्य असुरक्षा । यसै सन्दर्भमा स्थानीय उत्पादन र खपतबीच सन्तुलन कायम गर्न, पोषण अवस्था सुधार्न, तथा विपद् व्यवस्थापन र कृषि सुधार कार्यक्रमहरूलाई समन्यायिक तथा दिगो बनाउन एक स्पष्ट, दीर्घकालीन रणनीतिक योजना अत्यावश्यक छ ।

त्यसैले, गाउँपालिकाले खाद्य अधिकार प्रवर्द्धन गर्ने, स्थानीय खाद्य प्रणालीलाई दिगो बनाउने, उत्पादन र बजार पहुँचलाई सुधार गर्ने, तथा सबै समुदायका सदस्यहरूको खाद्य सुरक्षा र पोषणस्तर उकास्न तथा राष्ट्रिय लक्ष्यहरूको प्राप्तीमा योगदानका लागि "खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना" तयार गर्नु आजको अपरिहार्य आवश्यकता हो । यस्तो योजना मार्फत गाउँपालिकाले राष्ट्रिय नीति तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई स्थानिय स्तरमा प्रभावकारी कार्यान्वयन गर्न सक्नेछ ।

### १.३ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजना

शुद्धोधन गाउँपालिकाले अपेक्षा गरेको सामाजिक र आर्थिक विकासको लक्ष्य “शुद्धोधन गाउँपालिकाको समृद्धिको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र भौतिक पूर्वाधार” भन्ने मूल नारालाई सार्थक तुल्याउने सोंच अनुरूप गाउँपालिकाको खाद्य प्रणालीको तल्कालिन अवस्थाको विश्लेषण गरि खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्ने उदेश्य अनुरूप यो पञ्चबर्षिय रणनीतिक योजना तयार गरिएको छ । यस रणनीतिक योजनाले खाद्य अधिकार तथा खाद्य प्रणालीलाई सुदृढ गर्न विभिन्न योजनाहरुको तर्जुमा र त्यसको कार्यान्वयन लगायत योजनाले अपेक्षा गरेको उपलब्धिहरुको अनुगमन र मुल्याकन प्रक्रियालाई प्रक्रियागत रूपमा कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरेको छ । यस रणनीतिक योजनाको सफल कार्यन्वयनले गाउँपालिकाको खाद्य प्रणालीमा सुधार हुने र प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक सुनिश्चित हुने बिश्वास लिइएको छ ।

**रणनीतिहरूः**

खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सफल कार्यान्वयनका लागी निम्न रणनीतिहरू अबलम्वन गरिनेछः

- गाउँपालिकाका सबै कृषकहरूका तथ्यांक लिई उत्पादनशील जग्गाको पहिचानका आधार मा लगानी अभिवृद्धि गर्ने ।
- संघीय तथा प्रदेश सरकारहरूको समन्वयमा आवश्यक नीति तथा कार्यकमहरू प्रणालीगत (system approach) रूपमा तयार गरी  संचालन गर्ने ।
- स्थानीय स्तरमा उपलब्ध स्रोत-साधनको अधिकतम गर्दै, उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।
- खाद्यमा सम्पुर्ण नागरिकको पहुच सुनिश्चित गर्ने ।
- सबैको दिगो भविष्य सुनिश्चित गर्न खाद्य प्रणालीमा रूपान्तरण गर्ने ।
- रूपान्तरित खाद्य प्रणली मार्फत भोकमरीको अन्त्य गर्ने ।
- जैविक विविधता संरक्षण मार्फत उत्पादन र उत्पादकत्व दिगो बनाउने ।
- खाद्य सुशासन कायम गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को कार्यन्वयन प्रभावकारी बनाउने ।
- स्थानीय र परम्परागत खाद्य प्रणालीको पुनउत्थान तथा लगानीको वृद्धि गर्ने ।
- जलवायु परिवर्तन तथा विश्वव्यापीकरणको प्रभावबाट मुक्त रहने कार्यक्रमहरू संचालन गर्ने ।

**योजना निर्माण प्रक्रिया र विधिः**

रणनीतिक योजना तयार गर्ने अवधारणाबारे विस्तृत योजना बनाउनु अघि सम्बन्धित सरोकार वालाहरूसँग छलफल गरिएको थियो । यस सन्दर्भमा कालिका स्वावलम्बन सामाजिक केन्द्रले सम्वान्धित सरोकारवालाहरू संग नीतिगत छलफल गरेको थियो र  रणनीतिक योजना तयार गर्ने प्रक्रियाहरू निर्धारण गरिएको थियो ।  योजना निमार्णको सन्दर्भमा गाउँपालिकाको कृषि, जीविकोपार्जन, खाद्य सुरक्षा लगायत क्षेत्रहरूको अवस्था बुझ्न आवश्यक थियो । यसै सन्दर्भमा, २०८१ फाल्गुन महिनामा कालिका स्वावलम्बन सामाजिक केन्द्रले सहयात्री कन्सल्टको प्राविधिक सहयोगमा घरधुरी सर्वेक्षण गरेको थियो । उक्त प्रक्रियामा अन्तर्गत सबै वार्डको सहभागीता हुने गरि ३८५ घरधुरीको नमुना संकलन गरिएको थियो । साथै, अनुसन्धान टोलीले नेपाल सरकारले विभिन्न समयमा गरेको अध्ययन तथा सर्वेक्षणको प्रतिवेदनहरू समेत संकलन गरि समीक्षा गरेको थियो । यस अध्ययनले गाउँपालिकाको वर्तमान अवस्था बुझ्न सहयोग पुऱ्याएको थियो ।

सर्भेक्षणबाट प्राप्त जानकारीलाई समेत मध्यनजर गर्दै परियोजना चक्रका पाँच चरणहरू क्रमशः समस्या विश्लेषण, उद्देश्य विश्लेषण, योजनाको निर्माण, कार्यान्वयन, र अनुगमन र मूल्याङ्कनमा आधारित भई २०८१ चैत्र महिनामा तीन दिने कार्यशाला गरिएको थियो । कार्यशालाले सहभागीहरूबीच खाद्य प्रणाली र तिनका पक्षहरू, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा, र यी अवधारणाहरू बीचको अन्तरसम्बन्धहरूको विस्तृत बुझाइ प्रदान गरेको थियो । कार्यशालामा

समस्या वृक्ष विश्लेषण विधिको प्रयोग गरेर विद्यमान खाद्य प्रणालीमा भएका समस्याहरूको विस्तृत विश्लेषणबाट सुरु गरी, खाद्य प्रणालीको सन्दर्भमा सबल दुर्बल अवसर र चुनौती (SWOT Analysis) र सरोकारवालाहरूको विश्लेषण गरिएको थियो ।

यी विश्लेषणका क्रममा पहिचान गरिएका खाद्य प्रणालीका समस्याहरू र अन्तर्निहित कारणहरूलाई सम्बोधन गरी खाद्य प्रणालीलाई रूपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्य निरधारण गर्न उद्देश्य वृक्ष विश्लेषण गरिएको थियो । यसपछि खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गर्न उद्देश्यमा आधारित भई रणनीतिक क्रियाकलापहरू पहिचान र प्राथमिकीकरण गरिएको थियो। कार्यशालाको तयार पारिएको रणनीतिक योजनाको मस्यौदा रूपरेखालाई कार्यदल र सरोकारवालाहरूले थप समीक्षा र आवश्यक जानकारी समावेश गरी खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना तर्जुमा गरिएको थियो। यसका साथै मस्यौदा रणनीतिक योजनालाई अन्तिम रूप दिनु अघि संघीय, प्रादेशिक र पालिकास्तरका प्रमुख सरोकारवालाहरूसँग उनीहरूको सुझाव गरिएको थियो ।

यो रणनीतिक योजना तयार गर्ने चरणमा, गाउँपालिकाका प्रमुख सरोकारवालाहरूको सक्रिय संलग्नतामा पालिकाको वर्तमान अवस्थाको गहन विश्लेषण गरेर खाद्य अधिकार र खाद्य प्रणाली रणनीतिक योजना विकास गरिएको थियो । यस प्रक्रियामा पालिका प्रतिनिधिहरू (अध्यक्ष, उपाध्यक्ष), प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, सामाजिक परिचालकहरू, वडा अध्यक्षहरू, रोजगार अधिकृत, अगुवा कृषक, कृषक समूह प्रतिनिधि, पालिकामा कार्यरत गैरसरकारी संस्था, उद्योग बाणिज्य संघका प्रतिनिधि, खाद्यसँग सम्बन्धित उद्यमी/खाद्य प्रशो धकहरू रणनीतिक योजना निर्माणमा प्रत्यक्ष सहभागिता र योगदान रहेको थियो ।

### (क) योजनाको आवश्यकता पहिचान र निर्माण

- खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था विश्लेषण
- समस्याहरूको विश्लेषण
- सबलपक्ष, कमि कमजोरी, श्रोत र अवसर समेत पहिचान
- लक्ष्य तथा उद्देश्य निर्धारण
- योजनाको प्राथमिकरण तथा क्रियाकलाप निर्धारण (लक्ष्य सहित)

### (ख) श्रोतको बाँडफाँड र सम्भावना

- प्राथमिकीकरण भएका योजनाहरूलाई श्रोतको बाँडफाँडको सुनिश्चतता, सोका लागि बार्षिक योजना तर्जुमा तथा मध्यमकालीन खर्च संरचनामा समावेश
- स्थानीय स्तरमा उपलब्ध हुने श्रोतको पहिचान र प्राथमिकरण अनुरूप बाँडफाँड
- संघ र प्रदेश सरकारका सम्बन्धित निकायहरूको कार्यक्रमवाट विनियोजित बजेट
- गाउँपालिकाको आन्तरिक श्रोतहरू
- गैरसरकारी तथा निजीक्षेत्र संगको समन्वयमा संचालन गर्न सकिने योजनाका श्रोतहरू

(ग) **योजनाको कार्यान्वयन**

- क्रियाकलापले निर्धारण गरेका प्रक्रियाबाट योजनाको कार्यान्वयन
- साझेदारहरू तथा समुदाय बिच समन्वय र सहकार्य

(घ) **अनुगमन तथा मुल्यांकन**

- उपलब्ध श्रोत-साधनहरूको सहि उपयोग भए नभएको
- तोकिएको समयमा कार्यक्रम सम्पन्न भए नभएको
- अपेक्षित उपलब्धिहरू पुरा भए नभएको
- विनियोजित बजेट अनुसार खर्च भए नभएको
- कार्यक्रम र उपलब्धिहरूको सान्दर्भिकता, प्रभावकारीता, दिगोपनाको अबस्था

(ङ) **औचित्यता**

- खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको प्रत्याभूति
- दिगो, सबल र पहुच योग्य खाद्य प्रणालीको विकास
- समतामुलक, उत्थानशिल खाद्य प्रणालीको विकास
- खाद्य सुरक्षाको सुनिश्चितता
- परम्परागत र रैथाने खाद्य प्रणालीको संरक्षण र बजारीकरण

(च) **सिमितता**

- यो योजना पंचबर्षिय योजना हो ।
- खाद्य प्रणाली बहुक्षेत्रीय भएता पनि कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेकोले यस लाई प्रमुख क्षेत्रको रूपमा लिइएको ।
- श्रोतको कमीका कारण आयआर्जनका अन्य क्षेत्र लगायत पूर्वाधार निर्माणका क्षेत्रहरू लाई पुर्णरूपमा समेटन नसकिएको ।

## १.४ खाद्य अधिकार तथा खाद्य प्रणाली रणनीतिक योजनाको सारसंक्षेप

शुद्धोधन गाउँपालिकाको क्षेत्र भित्र बसोबास गर्ने परिवारको लागि खाद्य अधिकारको सुनिश्चितता गर्ने तथा गाउँपालिकाको खाद्य प्रणालीलाई दिगो र पहुँच योग्य बनाउने कार्य चुनौतीपूर्ण रहेको सन्दर्भमा खाद्य अधिकार तथा खाद्य प्रणालीको रणनीतिक योजना निर्माण गरिएको छ । विश्वव्यापी र राष्ट्रिय रूपमा समेत अङ्गीकार गरिएको खाद्य प्रणालीका महत्वपूर्ण संवाहकहरू - उत्पादन, वितरण, भण्डारण, उपभोग र दिगोपना - को सन्दर्भमा विश्लेषण गर्दा गाउँपालिकामा यो सबै क्षेत्रहरूमा केहि न केहि समस्याहरू देखिन्छ । जसको फलस्वरूप, गाउँपालिकाको खाद्य प्रणाली सबैको पहुँच योग्य, सुरक्षित र दिगो हुन नसकेको सबैमा अवगत नै छ । यसै सन्दर्भलाई मध्यनजर गर्दै, गाउँपालिकाको सम्बन्धित निकाय र बिज्ञ टोलीहरूको सहभागितामा बिस्तृत अन्तरक्रिया, छलफल, समुह कार्य मार्फत गहन अध्ययन गरी यो रणनीति योजना तयार गरिएको छ ।

यो पंचबर्षिय रणनीतिक योजना (२०८२/८३ - २०८६/२०८७) ले गाउँपालिका भित्र समतामूलक, उत्थानाशील तथा दिगो खाद्य प्रणाली निर्माण गर्ने लक्ष्य लिएको छ । स्वस्थ्य र उर्जाशील नागरिक निर्माणका लागी खाधान्नको भरपर्दो उत्पादन, वितरण र दिगो उपभोग गर्ने उद्देश्य यो रणनीतिक योजनाको रहेको छ । यो रणनीतिक योजनाको कार्यन्वयनका लागी गाउँपालिकाका किसान, उपभोक्ता, समूह, सहकारी, निजीक्षेत्र, गैरसरकारी संस्थाहरू लगायत संघ तथा प्रदेश सरकार लाई साझेदारको रूपमा स्वीकार गर्दै यस योजनाले लक्षित गरेको क्षेत्रहरू सफल कार्यान्वयन र त्यसको दिगोपना लाई आत्मसात गर्ने सोंच रहेको छ । यो योजनाको सफल कार्यान्वयनले खाद्य अधिकार तथा खाद्य प्रणालीका अपेक्षित उपलब्धिहरू हासिल हुने र खाद्य प्रणालीका सूचकहरूमा सुधार आउने अपेक्षा गरिएको छ ।

# परिच्छेद - २

## २.१ खाद्य अधिकार तथा खाद्य प्रणालीको अवस्था

शुद्धोधन गाउँपालिकाको भूगोल समथर भएको र जमिनको उर्वराशक्ति राम्रो भएको कारण यस क्षेत्रमा कृषि उत्पादकत्व तुलनात्मक रूपमा राम्रो पाइएको छ । यहाँको मुख्य वालीको रूपमा रहेको धान र गहुँको उत्पादनले गाउँपालिकाको खाद्य (बिशेष गरि, प्रमुख अन्नबाली) को आवश्यकतालाई पुरा गरेको देखिएता पनि तरकारी, फलफुल, मकै, दुग्धजन्य पदार्थ लगायत अन्य खाद्यको लागि गाउँपालिका आत्मनिर्भर हुन नसकेको अवस्था देखिन्छ । बजारीकणको अवस्था हेर्दा खाद्यान्न वालीको बिक्रीवितरणमा समस्या नदेखिए पनि भारत संगको खुला सिमाना र बिचौलियाहरूको प्रभावको कारण कृषकले आफ्नो उत्पादनको उचित मुल्य पाउन नसकेको अवस्था देखिन्छ । किसानहरू मुख्यतया आफ्नो उत्पादनहरू नजिकको बजारहरू (पकडी, लवनी) र राजमार्ग आसपासका क्षेत्रहरूमा बिक्री गर्ने गर्दछन ।

गाउँपालिकामा औद्योगिक विकासको अभाव, वैकल्पिक आय स्रोत र रोजगार अवसरको कमीका कारण यहाँका अधिकांश परिवारहरू कृषि आम्दानीमा निर्भर छन् । कृषिलाई गाउँपालिकाको मुख्य आर्थिक मेरूदण्ड मानिए तापनि, अधिकांस साना किसानहरूले कृषिबाट अपेक्षित रूपमा राम्रो आम्दानी प्राप्त गर्न सकेका छैनन् । फलस्वरूप, कृषि व्यावसाय अधिकांश किसानहरूको लागी जीविकोपार्जनका लागि केवल निर्वाहमुखी खेतीको रूपमा मात्र सीमित रहेको छ ।

### २.१.१ कृषि तथा पशुपालन

गाउँपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांक अनुसार गाउँपालिकामा कुल ६,८८२ कृषक परिवारहरू रहेका छन् र तिनीहरूले कृषि प्रयोजनको लागी प्रयोग गरिरहेको कुल जमिनको क्षेत्रफल ६०६२.२ हेक्टर रहेको छ । यो कुल जमिनको क्षेत्रफल अन्तर्गत उनीहरूको आफ्नै स्वामित्वमा रहेको जमिनसँगै अरूको जमिन भाडामा लिएर वा अन्य प्रकारले प्रयोग गरेका जमिनहरू समावेश छन् । तर कृषक परिवारको स्वामित्वमा रहेको जमिन मात्र हेर्ने हो भने, यो जम्मा ५,८२२ हेक्टर मात्र छ । यस हिसाबले प्रत्येक कृषक परिवारको औसत रूपमा ०.८७ हेक्टर कृषि जमिनमा स्वामित्व रहेकोछ ।

गाउँपालिकाको कृषि प्रणाली विविध प्रकारको छ, जसमा अन्न बालीदेखि लिएर फलफूल तथा पशुपालनसम्मका विभिन्न उत्पादनहरू पाइन्छन् । यहाँका कृषकहरू प्रायः पारम्परिक र व्यावसायिक दुवै खालका कृषि अभ्यासमा संलग्न छन् । गाउँपालिकामा लगाइने प्रमुख बालीहरूमध्ये अन्न बाली (जस्तै धान, गहुँ) सबैभन्दा महत्वपूर्ण छन् । अन्न बालीसँगै तरकारी खेतीमा पनि कृषकहरूको सहभागीता पाइन्छ, जसमा विभिन्न मौसमी तथा बेमौसमी तरकारीहरू उत्पादन हुने गर्दछन् । त्यस्तै गरी, तेल्हनबाली (जस्तै तोरी), दाल तथा अन्य दलहन बालीहरू, कन्दमूल (जस्तै मुला, गाजर), मसलाजन्य (अदुवा, बेसार, आदि) र फलफूलहरू (जस्तै आँप, केरा, अम्बा, लिची आदि) पनि कृषकहरूको आम्दानीको स्रोत बन्न पुगेका छन् ।

### तालिका १. खाद्यान्न बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| क्र.स. | बालीको किसिम | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान | ६४७३ | २५२४४.७ | ३.९ | |
| २ | गहु | ५७७५.४२ | २०२१३.९७ | ३.५ | |
| ३ | मकै | ७ | २५.२ | ३.६ | |
| ४ | तोरी | ७० | ११२ | १.६ | |
| | जम्मा | १२३२५.४२ | ४५५९५.८७ | १२.६ | |

स्रोतः शुद्धोधन गाउँपालिकाको कृषि शाखा

### तालिका २. तरकारी बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| क्र.स. | बालीको किसिम | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोलभेडा | २० | ३०० | १५ | |
| २ | आलु | ३० | ४५० | १५ | |
| ३ | काउली | २० | २२०० | ११० | |
| ४ | भिण्डी | १० | १२० | १२ | |
| | जम्मा | ८० | ३०७० | १५२ | |

स्रोतः शुद्धोधन गाउँपालिकाको कृषि शाखा

### तालिका ३. तेलहन बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व

| क्र.स. | बालीको किसिम | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तोरी | ७० | ११२ | १.६ | |
| २ | सुर्यमुखी | ७ | ९.१ | १.३ | |
| | जम्मा | ७७ | १२१.१ | २.९ | |

स्रोतः शुद्धोधन गाउँपालिकाको कृषि शाखा

**तालिका ४. फलफुल बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व**

| क्र.स. | बालीको किसिम | क्षेत्रफल (हेक्टर) | उत्पादन (मे.टन) | उत्पादकत्व (मे.टन) | कैफियत |
|---|---|---|---|---|---|
| १ | आँप | २० | २०० | १० | |
| २ | केरा | ५ | २५० | ५० | |
| ३ | काउली | ०.५ | १३.४५ | २६.९ | |
| ४ | लिची | ०.५ | ४ | ८ | |
| | जम्मा | २६ | ४६७.४५ | ९४ | |

स्रोतः शुद्धोधन गाउँपालिकाको कृषि शाखा

कृषि बालीसँगै पशुपालनले पनि गाउँपालिकाको अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगटेको छ । गाउँपालिकामा हालै गरिएको घरधुरी सर्वेक्षण (२०८१) अनुसार ५४% कृषकहरू पशुपालनमा संलग्न रहेको देखिन्छ । कृषकहरूले गाई, भैंसी जस्ता चौपायाहरू पाली दूध उत्पादन गर्दै आएका छन् भने केहि कृषकहरूले व्यावसायिक कुखुरा पालन तथा माछा पालनबाट राम्रो आम्दानी गरिरहेको पाइन्छ ।

**तालिका ५. पशुपालनको बिवरण**

| क्र.स. | पशुपंक्षीको प्रकार | संख्या |
|---|---|---|
| १ | गाई गोरू /बाछा बाछी | ८०० |
| २ | भैसी/पाडा पाडी | १८००० |
| ३ | बाख्रा/ | २५००० |
| ४ | भेडा | १५०० |
| ५ | सुँगुर/बंगुर | ५०० |
| ६ | हाँस | १००० |
| ७ | कुखुरा | १०००० |

स्रोतः शुद्धोधन गाउँपालिका पशु सेवा शाखा

### २.१.२. सिचाई सुबिधा

राष्ट्रिय कृषि गणना २०७८ अनुसार, शुद्धोधन गाउँपालिकाका खेतियोग्य जमिनमध्ये ९१ प्रतिशत (अर्थात ५११८.५ हेक्टर) जमिनमा सिंचाइ सुविधा उपलब्ध रहेको पाइन्छ । गाउँपालिकामा हालै गरिएको घरधुरी सर्वेक्षण (२०८१) ले पनि ९३ प्रतिशत कृषक परिवारमा कुनै–कुनै प्रकारको सिंचाइ

सुबिधा रहेको देखाउछ । यद्यपि, वर्षभरि भरपर्दो सिंचाइ सुविधा भने अझै चुनौतीपूर्ण रहेको पाईन्छ । विशेष गरी सुख्खा मौसममा पानीको अभावका कारण बालीहरू सिँचाइ गर्न कठिन हुने गरेको छ । सर्वेक्षण अनुसार, मात्र १३ प्रतिशत कृषकहरूले वर्षभरि सबै बालीका लागि सिंचाइको लागि पर्याप्त पानी उपलब्ध भएको बताएका छन् । सिंचाई मुख्यतः नदीको पानी, पोखरीको पानी, पम्पसेट, र बोरिङमार्फत गरिन्छ । तर जमिनमुनी पानीको सहत घट्दै गैरहेको कारण पानीका श्रोतहरू सुक्दै गएको पाईन्छ । धेरैजसो साना कृषकहरू अझैपनि धान तथा गहुँजस्ता प्रमुख अन्नबाली उत्पादनको लागि वर्षातको पानीमै निर्भर छन् । यसले गर्दा उत्पादनमा जोखिम बढेको देखिन्छ ।

### २.१.३ मल, कीटनाशक र बीउ व्यवस्थापन

शुद्धोधन गाउँपालिकामा बाली उत्पादनका लागि रासायनिक मल र कीटनाशक प्रयोग सामान्य अभ्यासका रूपमा स्वीकारिएको छ । बालीलाई कीरा तथा रोगबाट जोगाउनका लागि रासायनिक कीटनाशकको प्रयोग प्रचलनमा रहेको छ । केही कृषकहरूले घरमै बनाइएको कम्पोस्ट मल पनि प्रयोग गर्ने गरेका छन्, तर यो अभ्यास मुख्यतः गाई-भैंसी पाल्ने परिवारहरू र सानो क्षेत्रफलमा लगाइने तरकारी बालीमा मात्र सीमित छ ।

घरधुरी सर्वेक्षण (२०८१) अनुसार ८४ प्रतिशत कृषकहरूले रासायनिक मल मात्रै प्रयोग गर्ने गरेको, १२ प्रतिशतले रासायनिक र जैविक दुबै मल प्रयोग गर्ने गरेको पाइएको छ भने, ३ प्रतिशत कृषकहरूले मात्रै जैविक मल (जस्तै कम्पोस्ट, गहुँत, झोलमल, आदी) प्रयोग गर्ने गरेका पाइएको छ । विशेषगरी तरकारी उत्पादनका लागि केही किसानहरूले कम्पोस्ट मल प्रयोग गरे पनि धान, गहुँ जस्ता मुख्य अन्नबालीमा उनीहरू रासायनिक मलमै निर्भर छन् । गाईभैंसी पाल्ने चलन घट्दै गएको कारण गोबर मलको अभाव र रासायनिक मलको सजिलो उपलब्धताको कारणले गर्दा किसानहरू रासायनिक मल प्रयोगमा बढी आकर्षित रहेको पाईन्छ । व्यवसायिक रूपमा तरकारी खेती सुरु गरेका किसानहरू समेत उत्पादन बढाउन रासायनिक मलमा निर्भर छन् ।

रासायनिक कीटनाशक प्रयोग पनि यो गाउँपालिकामा सामान्य जस्तो देखिन्छ । घरधुरी सर्वेक्षण (२०८१) अनुसार ८७ प्रतिशत कृषकहरू केवल रासायनिक कीटनाशक मात्रै प्रयोग गर्छन, ८ प्रतिशतले रासायनिक र एकीकृत कीट व्यवस्थापन (Integrated Pest Management – IPM) दुबै बिधि प्रयोग गरेका छन् । तर एकीकृत कीट व्यवस्थापन (IPM) बिधि लगाएत जैविक कीटनाशकको मात्रै प्रयोग गर्ने कृषकहरूको संख्या ४ प्रतिशत मात्रै रहेको छ ।

बीउबिजनको प्रयोग सम्बन्धी अवस्था हेर्दा, घरधुरी सर्वेक्षण (२०८१) अनुसार करिब ५६ प्रतिशत कृषकहरूले सुधारिएको (उन्नत तथा हाइब्रिड) बीउ मात्रै प्रयोग गर्दछन भने ३४ प्रतिशतले सुधारिएको र स्थानीय दुबै बीउ प्रयोग गर्छन । स्थानीय बीउ मात्र प्रयोग गर्ने कृषक परिवार जम्मा १० प्रतिशत छ । बीउ व्यवस्थापनका लागि लगभग ४० प्रतिशत कृषकहरू प्रायजसो स्थानीय एग्रोभेट पसलबाट खरिद गर्छन भने, लगभग ५५ प्रतिशत कृषकहरू भारतको बजारमा रहेका एग्रोभेट पसलहरू सम्म पुग्छन । भारतको बजारमा रहेका एग्रोभेटहरूमा नेपाल सरकारले

सुचिकृत गरेको बीउबिजनहरू नपाउने भए पनि नेपाली बजार भन्दा सस्तो मूल्यमा खरिद गर्न सकिने भएकोले कृषकहरू भारतीय बजारहरू प्रति भर परेको देखिन्छ । जसको परिणाम धेरै कृषकहरूले उत्पादनमा क्षति बेहोर्नु परेको पाईन्छ ।

### २.१.४ रोजगारीको स्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार, १० वर्ष र सो भन्दा माथि उमेर भएका आर्थिक रूपमा सक्रिय जनसंख्यामध्ये ५९ प्रतिशत व्यक्तिहरू कुनै न कुनै रोजगारीमा संलग्न छन् । तीमध्ये लगभग ४५ प्रतिशत कृषि, वन तथा माछापालनजस्ता क्षेत्रमा संलग्न छन् भने १५ प्रतिशतले गैर–कृषि क्षेत्रमा रोजगारी पाएका छन् । आर्थिक रूपमा सक्रिय जनसंख्यामा पुरूषको सहभागिता ६६ प्रतिशत र महिलाको ५४ प्रतिशत रहेको छ । भूमिहीन, आय–स्तर न्यून भएको र कृषि बाट मात्रै जीविकोपार्जन गर्न नसक्ने परिवारका पुरूष सदस्यहरू मजदुरीको लागि भारत जाने चलन अत्याधिक रहेको छ । त्यो बाहेक युवाहरूमा बैदेशिक रोजगारमा जाने चलन पनि धेरै पाईन्छ । यस प्रकारको भारत लगायत अन्य मुलुकहरूमा रोजगारीको लागी जाने प्रवृत्तिले स्थानीय स्तरमा रोजगारीको अभाव स्पष्ट रूपमा देखाउँछ । यद्यपि, केही व्यक्तिहरू साना उद्यम, किराना पसल, चिया स्टल, र अन्य लघु व्यवसायहरू सञ्चालन गरेर स्थानीय स्तरमै स्वरोजगारमा संलग्न रहेका तथा यस्ता साना उद्यमहरूले गाउँस्तरमा स्वरोजगारको सम्भावना देखाए पनि, तिनीहरूको संख्या न्यून छ ।

### २.१.५. खाद्य सुरक्षाको स्थिति

राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांक अनुसार कुल ६८८२ कृषक परिवारहरूमध्ये लगभग ३६ प्रतिशत (२४९७ परिवार) परिवारलाई आफ्नै कृषि उत्पादन तथा कृषि आम्दानीबाट वार्षिक रूपमा पर्याप्त खाद्यान्न नपुग्ने देखिन्छ । प्रतिवेदनले खाद्य अभावको अवधि फरक–फरक देखाएको छ । जस्तैः १ देखि ३ महिना सम्म अपुग हुने २० प्रतिशत (१३६२ परिवार), ४ देखि ६ महिना सम्म अपुग हुने १३ प्रतिशत (८६५ परिवार), ७ देखि ९ महिना सम्म अपुग हुने लगभग ३ प्रतिशत (२३५ परिवार) र १० देखि १२ महिनासम्म अपुग हुने लगभग १ प्रतिशत (३५ परिवार) परिवारहरू रहेको उल्लेख गरिएको छ । घरधुरी सर्वेक्षण (२०८१) ले पनि करिब ६२% कृषक परिवारको मात्रै वार्षिक खाद्यान्नको आबश्यकता (बिषेशगरि, अन्नबाली) आफ्नै उत्पादनबाट पुग्ने देखिएको छ ।

कृषकहरू जसले थप जमिन भाडामा लिएर खेती गरिरहेका छन्, तीमध्ये धेरैले वार्षिक रूपमा आवश्यक धान तथा गहुँ जस्ता मुख्य खाद्यान्न (अन्न) पर्याप्त उत्पादन गर्ने गरेको पाइएकोछ । तर थोरै जमिन भएका वा थोरै जमिन भाडामा लिएका कृषक परिवारहरूमा मुख्य खाद्यान्न वाली (अन्न) बार्षिक रूपमा उपभोग गर्ने पनि अभाव भएको पाईन्छ । अधिकांश कृषक परिवारहरूले खाद्यान्न वाली आफै उत्पादन गरे पनि दैनिक उपभोगको लागी आवश्यक पर्ने जस्तै तरकारी, दाल, तेल, र मसलाजन्य खाद्यान्नहरू मुख्यतया बजारबाट खरिद गर्ने गरेको पाईन्छ । मौसमी तरकारीहरू प्रायः सबै परिवारहरूमा उत्पादन हुने भए पनि, अधिकांश परिवारहरू बेमौसमी सिजनमा (जस्तैः वैशाख, असार, र साउन महिना) बजारमा निर्भर हुनुपर्ने देखिन्छ ।

### २.१.६. खानपानको ब्यबहार र पोषणको अवस्था

शुद्धोधन गाउँपालिकाको अधिकांश परिवारहरूमा खाना खाने नियमित बानी देखिन्छ। घरधुरी सर्वेक्षण (२०८१) अनुसार ५४ प्रतिशत परिवारहरूमा दैनिक तीनपटक भोजन गर्ने गरेको पाइएको छ। तर दैनिक रूपमा विभिन्न प्रकारका पोषणयुक्त खाना खाने परिवारहरूको संख्या कम देखिन्छ। सर्वेक्षण अनुसार - केवल ६० प्रतिशत सहभागीहरू आफ्नो परिवारमा दैनिक विविध प्रकारका पोषणयूक्त खाना पर्याप्त रूपमा खाने बानी रहेको विश्वास गर्छन। जसको मुख्य कारण - परिवारको न्यून आर्थिक अवस्था र पोषण यूक्त खानपानको व्यवहार सम्बन्धी जानकारीको कमिले गर्दा देखिन्छ। वयस्कहरूमा बजारमा पाइने जंकफुड लगायत सोडायूक्त पेय-पदार्थहरू (जस्तै - प्याकेटमा पाउने अस्वस्थ्यकर खानेकुरा, चाउचाउ, चिप्स, कोक, फेन्टा, आदी) को उपभोग कम देखिए पनि, बालबालिका र किशोरकिशोरीहरूमा यस्ता खानेकुराहरूको उपभोग धेरै देखिन्छ। घरधुरी सर्वेक्षण (२०८१) अनुसार, लगभग ८६ प्रतिशत परिवारमा जंकफुड लगायत कार्बोनेटेड पेय-पदार्थहरूको (Carbonated beverages) उपभोग हुने गरेको पाइएको छ।

पोषणको दृष्टिकोणले हेर्दा, बालबालिकामा मध्यम गम्भीर कुपोषण (Moderate Acute Malnutrition–MAM) र गम्भीर कुपोषण (Severe Acute Malnutrition– SAM) दुबै समस्या देखिन्छ। आर्थिक बर्ष (२०८१/८२) को पछिल्लो ८ महिनाको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको (Health Management Information System – HIMS) विवरण अनुसार ६३ जना बालबालिकामा MAM र ३० जना बालबालिकामा SAM को पहिचान भएको देखिन्छ। साथै गर्भवती महिलाहरूमा रक्तअल्पताको (एनेमिया) समस्या पनि गम्भीर रूपमा पाइएको छ, जुन मुख्यतः कमजोर आर्थिक अवस्था, साक्षरताको कमी, र सन्तुलित आहारबारे जानकारीको अभावका कारण भएको देखिन्छ। यसका साथै, परिवारमा सरसफाइको कमी पनि बालबालिकाको पोषणमा नकारात्मक असर पारिरहेको हुन सक्ने आंकलन गर्ने गरिन्छ। राष्ट्रिय जनगणना (२०७८) अनुसार ३४ प्रतिशत घरधुरी (२९२७ घरधुरी) शौचालयको सुविधाबाट बन्चित रहेको छ। गाउँपालिकाको सक्रियतामा शौचालय निर्माण सम्बन्धि विभिन्न अभियानहरू संचालनका बाबजुत पनि अझै धेरै परिवारहरूमा शौचालयको अभाव रहेको र शौचालय भएको घरमा पनि यसको सही प्रयोग नभएको देखिन्छ।

### २.१.७ जलवायु परिवर्तन र यसको कृषि क्षेत्रमा प्रभाव

बिगत केहि वर्ष देखि जलवायु परिवर्तनको प्रभाव विश्वव्यापी रूपमा देखिन थालेको छ। नेपालको सन्दर्भमा हेर्दा, कृषि, पशुपालन लगायत हाम्रो खाद्य प्रणाली जलवायु प्रति प्रत्यक्ष निर्भर रहेको सन्दर्भमा, यसमा आएको परिवर्तनले यस क्षेत्रमा पारेको प्रभावहरू आँकलन गर्न थालिएको छ। शुद्धोधन गाउँपालिकाको सन्दर्भमा हेर्दा, घरधुरी सर्वेक्षण (२०८१) का सहभागीहरू मध्ये ५२ प्रतिशत सहभागीहरू लाई जलवायु परिवर्तनको बारेमा जानकारी रहेको पाईन्छ। ति सहभागीहरूले जलवायु परिवर्तनको असरको सन्दर्भमा - बालीमा नयाँ रोग/कीरा देखिएको, अनियमित वर्षा, अत्यधिक तापक्रम, सुक्खा, खडेरी र उत्पादनमा ह्रास जस्ता समस्याहरू महसुस

गरेका छन् । यद्यपि नकारात्मक असरलाई किसानहरूले महसुस गरे पनि, जलवायु अनुकूल कृषि प्रविधिको अभ्यास सीमित रहेको पाइएको छ । थोरै किसानहरूले मात्र जलवायु सहनशील बालीका जातहरूको प्रयोग, चाँडो पक्ने बाली खेती, तथा रोपाइँ र बिउ छर्ने समयको परिबर्तन जस्ता उपायहरू अपनाएका छन् । यसैगरी, केही किसानहरूले जैविक मल र जैविक विषादी प्रयोगजस्ता असल कृषि अभ्यासहरू पनि शुरू गरेका छन् । गाउँपालिका कार्यालय र विभिन्न गैरसरकारी संस्थाहरूले कृषक समूहहरूलाई लक्षित गरि असल कृषि अभ्यासहरूको बारेमा ज्ञान र सिप बढाउने कार्यक्रमहरू संचालन गर्न थालेको पाईन्छ । तर यस्ता कार्यक्रमहरू सीमित क्षेत्र र केहि समूहहरूमा मात्रै लक्षित रहेकोले धेरै किसानहरूलाई समेट्नु पर्ने आवश्यकता देखिन्छ ।

### २.२ खाद्य प्रणालीका मुख्य समस्याहरू तथा कमजोर खाद्य प्रणालीका कारणहरू

शुद्धोधन गाउँपालिकामा खाद्य अधिकार तथा खाद्य प्रणाली अस्थिर र कमजोर हुनुका विविध र अन्तर-सम्बन्धित कारणहरू पहिचान गरिएका छन्, जसले सम्पूर्ण खाद्य प्रणालीलाई दीर्घकालीन रूपमा असर पारिरहेको छ । कमजोर खाद्य प्रणालीका मुख्यतया छ वटा प्रमुख कारणहरूको सन्दर्भमा थप समस्या र त्यसका कारणहरूको पहिचान निम्नानुसार गरिएकोछः

१. **स्वच्छ तथा पोषणयुक्त खाद्यमा पहुाच नहुनुः** बजारमा अखाद्य वस्तुहरूको प्रयोग बढ्दै गएको छ, जसको प्रमुख कारण खुला सिमानाका कारण भारतबाट सस्तो मूल्यमा अखाद्य वस्तुहरूको सहज आपूर्ति हुनु हो । बजार मूल्यको नियमन र अनुगमन प्रणाली कमजोर भएका कारण उपभोक्ताहरू सस्तो तर अस्वस्थ खाद्यतर्फ आकर्षित भइरहेका छन् । स्थानीयस्तरमा पोषणयुक्त खाद्यान्न उत्पादनमा कमी देखिन्छ, जसको मुख्य कारण कृषि प्रणालीमा विविधता नहुनु, गुणस्तरीय बिउ-बिजनको अभाव, रासायनिक मल तथा विषादीको अनियन्त्रित प्रयोग, र माटोको उर्वराशक्ति घट्दै जानु हो । बिउ-बिजनको आपूर्तिमा बिचौलियाको पकड र खुला सिमानाको असर पनि उल्लेखनीय छ । आर्थिक पक्ष हेर्दा, जीविकोपार्जनमा विविधता नहुनु, रोजगारीको अवसर अभाव, प्राविधिक ज्ञानको कमी, तथा ठूला उद्योग-कलकारखाना नहुनुले जनताको क्रय-शक्ति कमजोर बनाएको छ । यसका साथै, पोषणमैत्री स्थानीय शासन र नीतिगत लगानीको अभावले पोषण सुरक्षाको सुनिश्चितता गर्न कठिन भएको देखिन्छ ।

२. **उपभोग पद्दती दिगो नहुनुः** स्थानीय समुदायमा खाद्यान्न उपभोग पद्धति दिगो छैन । मिश्रित बाली कम लगाउने प्रवृत्ति, खाद्य विविधीकरणको ज्ञानको कमी, जनशक्ति अभाव, र कृषि सामग्री तथा सिँचाइको कम उपलब्धताका कारण पोषणयूक्त खाद्य उत्पादनमा कमी आएको छ । स्वच्छ र गुणस्तरीय खाद्यान्नको उत्पादन कम हुनु र व्यवहारिक पोषण ज्ञानको अभावले पोषणयुक्त उपभोगलाई प्रभावित पारेको छ । अर्कोतर्फ, जंकफूडको बढ्दो प्रयोग, बजारमा गुणस्तरहीन तर सहज उपलब्ध खाद्यको आकर्षण, र रैथाने बालीहरू क्रमशः लोप हुँदै जानुले पनि उपभोग प्रणाली अस्वस्थ र अल्पकालीन बनाइरहेको छ ।

३. **जीविकोपार्जन समन्यायिक नहुनुः** गाउँपालिकामा कृषि पेशा अझै पनि जीवन निर्वाहमै सीमित रहेको छ, यसले जीविकोपार्जन समता नहुनुमा समस्या सिर्जना गरेको छ । कृषि उत्पादनले

उचित मूल्य नपाउनु, कृषि अनुदानको प्रभावकारी कार्यान्वयन नहुनु र स्थानीय उत्पादनले उचित बजार नपाउनु मुख्य चुनौतीहरू हुन् । साथै, आयआर्जनको अवसरमा लैङ्गिक विभेद, ज्याला तथा पारिश्रमिकमा असमानता, निर्णय प्रक्रियामा समावेशीकरणको कमी तथा नीतिको प्रभावकारी कार्यान्वयन नहुनुले सामाजिक असमानता झनै बढाएको छ । कृषि पूर्वाधारमा पहुँच सीमित हुनु, पूर्वाधार निर्माणमा न्यायोचितता नहुनु तथा योजना तर्जुमामा पारदर्शिता नहुनाले समेत समन्यायिक जीविकोपार्जनमा बाधा उत्पन्न गरेको छ ।

४. **खाद्य प्रणाली प्रकृतिमैत्री नहुनुः** गाउँपालिकाको खाद्य प्रणाली वातावरण र प्रकृति मैत्री भएको पाईन्छ । जलवायु अनुकूल खेती प्रणालीको विकासमा चासो नदिइएको, बेमौसमी खेतीको बढ्दो झुकाव र जलवायु मैत्री प्रविधि तथा क्षमताको अभाव स्पष्ट देखिन्छ । वर्षातको पानी संरक्षण नहुनु, पानीको सतह घट्दै जानु र खेर गइरहेको पानीको सदुपयोग नहुनुले जल स्रोत संरक्षणमा कमजोरी देखाएको छ । साथै, रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोग, असल कृषि अभ्यास नअपनाउनु तथा आवश्यक तालिम र प्राविधिक ज्ञानको अभावले खाद्य प्रणालीलाई दीर्घकालीन रूपमा अस्थिर र प्रकृतिमैत्री हुन सकेको छैन ।

५. **उत्थानशील खाद्य प्रणाली नहुनुः** स्थानीय बिउ उत्पादन र भण्डारण प्रणाली कमजोर हुँदै गएको छ । बिउ-बिजनको घरायसी भण्डारणको आभ्यासमा  कमि आएको छ र परम्परागत ज्ञान लोप हुँदै जानुले बिउ संरक्षणमा समस्या बढेको छ । जलवायु परिवर्तनको असरबारे स्थानीय समुदायमा चेतनाको कमी छ, जसले जोखिमप्रतिको पूर्वतयारीलाई कमजोर बनाएको छ । कृषि तथा पशु बीमा प्रणाली प्रभावकारी छैन र सम्बन्धित निकायहरूबाट पर्याप्त चासो नदिइनुले बीमाको कार्यन्वयन प्रभावकारी देखिदैन ।

६. **खाद्य अधिकार तथा खाद्य सम्प्रभुताका प्रावधानको प्रभावकारी कार्यन्वयन नहुनुः** खाद्य सुरक्षा र पोषण सुधारसम्बन्धी कार्यक्रमहरूको सञ्चालन गाउँपालिका स्तरमा कम देखिन्छ । खाद्य सुरक्षा सम्बन्धी आवधिक योजना नहुनु, सरोकारवालाहरूमा खाद्य अधिकारसम्बन्धी ऐनबारे स्पष्टता नहुनु र स्थानीय खाद्य सुरक्षा समिति गठन नहुनु मुख्य समस्याहरू हुन् । संघ, प्रदेश, र स्थानीय सरकारबीच समन्वयको कमी, सूचना सम्प्रेषणमा कमजोरी, तथा योजना निर्माणमा जनसहभागिताको न्यून उपस्थिती यस प्रणालीलाई अझ कमजोर बनाइरहेको छ । सूचनाको प्रवाह कमजोर हुनु र जनस्तरमा जानकारीको कमीले खाद्य अधिकार र खाद्य सम्प्रभुताको अभ्यास प्रभावकारी देखिदैन ।

**प्रभावहरूः**

यी सबै कारणहरूले आर्थिक उत्पादनमा संलग्न जनशक्तिको कमजोरी, अस्वस्थ र कुपोषणयुक्त जनशक्ति र सन्तुलित पोषणको अभावजस्ता गम्भीर समस्या उत्पन्न गरेका छन् । जसले समग्र गाउँपालिकाको खाद्य अधिकार, स्वास्थ्य, र विकास प्रक्रियामा दीर्घकालीन असर पुर्‍याइरहेको छ । यसकारण, यी समस्याहरूको बहुआयामिक विश्लेषणका आधारमा नीतिगत, संस्थागत, र व्यवहारिक सुधार आवश्यक छ ।

## २.२.१ समस्या विश्लेषण: अस्थिर र कमजोर खाद्य प्रणाली

**(खाद्य अधिकार तथा खाद्य प्रणाली अस्थिर र कमजोर हुनुका कारणहरूको विश्लेषण)**



समस्या विश्लेषणस् अस्थिर र कमजोर खाद्य प्रणाली

| समस्या | किन | किन | किन |
|---|---|---|---|
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच नहुनु | अखाद्य बस्तु बढ्दो प्रयोग | बजारमा अखाद्य बस्तुको सहज उपलब्धता | खुल्ला सिमाना |
| | | सस्तो मुल्य | बजार अनुगमन नहुनु |
| | पोषणयूक्त खाधान्नको उत्पादनमा कमि | उत्पादनमा विविधीकरण नभएर | गुणस्तरीय बिउ/बिजन तथा श्रोत साधन उपलब्ध नभएर |
| | | माटोको उर्वराशक्ति कमि हुदै जानु | रासायनिक मल र बिषादीको अनियन्त्रित प्रयोग |
| | आर्थिक अभाव | रोजगारको अवसरमा कमी | स्थानीय स्तरमा कलकार खाना तथा उधोग नभएर |
| | पोषण सुरक्षाको सुनिश्चितता नहुनु | पोषणमैत्री स्थानीय शासनमा लगानीको कमी | खाद्य सुरक्षा सम्वन्धि आवधिक योजना नभएर |
| २. उपभोग पद्धती दिगो नहुनु | बिविध प्रकारको खाधान्नको कम उपलब्धता | मिश्रित बालि कम लगाउनु | खाद्य विविधिकरणको बारेमा जानकारी नभएर |
| | | उत्पादनमा कमी | कृषि सामाग्री तथा सिँचाईको कम सुबिधा |
| | स्वच्छ खाधान्नको कम उपभोग | स्वच्छ खाधान्नको कम उत्पादन | व्यावहारिक ज्ञानको कमी |
| | | जंकफुडको धेरै प्रयोग | सहज उपलब्धता |
| | गुणस्तरीय खाद्यवस्तुको पहुँचमा कमि | कम आम्दानी | |
| | | बजारको खाधान्न सहज उपलब्ध भएर | |
| ३. जीविकोपार्जन समन्यायिक नहुनु | कृषिमा व्यावसायिकताको कमि | उत्पादनको उचित मुल्य नपाएर | कृषि उत्पादनले उचित बजार नपाएर |
| | | कृषि अनुदानको प्रभावकारी कार्यान्वयन नभएर | |
| | आय आर्जनको अवसर मा समानता नहुनु | ज्याला तथा पारिश्रमिकतामा असमानता | लैङ्गिक विभेद |
| | | निर्णय प्रक्रिया समावेशी नहुनु | निति नियम प्रभावकारी कार्यान्वयन नहुनु |
| | कृषि पूर्वाधारको पहुँचमा कमि | पूर्वाधार निर्माण न्यायो चित नहुनु | योजना तर्जुमामा पार दर्शीताको कमि |

| | | | |
|---|---|---|---|
| ४. खाद्य प्रणाली प्रकृतिमैत्री नहुनु | जलवायु मैत्री खेति प्रणाली अवलम्बन नगर्नु | जलवायु मैत्री कृषि प्रविधिको क्षमतामा कमि | |
| | | अनुसन्धान र प्रसार नहुनु | |
| | प्रकृतिक जलश्रोतको संरक्षण नहुनु | प्रभवकारी योजना नभएर | समुदायस्तरको कम चासो |
| | | पानीको सतह कम भएर | खेर गएको पानीको सदुपयोग नभएर |
| | | | बर्षातको पानीको संरक्षण नहुनु |
| | रासायनिक मल तथा बिषादीको बढ्दो प्रयोग | असल कृषि अभ्यास अवलम्वन नगर्नु | प्राविधिक ज्ञान सिपको कमी |
| | | सहज उपलब्धता | |
| ५. उत्थानशील खाद्य प्रणाली नहुनु | समुदायस्तरमा बिउ उत्पादन र भण्डारण नहुनु | घरायसी भण्डारण प्रक्रिया कम हुदै जानु | बिउ भण्डारणको परम्परागत ज्ञान लोप हुदै जानु |
| | जलवायुजन्य जोखिम | जलावायु परिवर्तनको असर बारेमा जनाकारीको कमि | जनचेतनाको कमी |
| | | पूर्वतयारी नहुनु | श्रोत, साधन र जनशक्तिको अभाव |
| | कृषि तथा पशु बिमा प्रभावकारी नहुनु | सम्बन्धित निकायको ध्यानाकर्षण नभएर | |
| ६. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि प्रावधानहरूको प्रभावकारी कार्यन्वयन नहुनु | खाद्य सुरक्षा तथा पोषण सुधार सम्बन्धि कार्यक्रमहरू संचालन नहुनु | खाद्य सुरक्षा सम्बन्धि आवधिक योजना नहुनु | स्थानीय सरोकारवालाहरू बीच खाद्य सम्प्रभुता सम्बन्धि ऐन बारेमा स्पष्टता नभएर |
| | | खाद्य सुरक्षा समिति गठन नभएर | स्थानीय सरकार तथा सम्वन्धित निकायहरूको कम चासो |
| | संघ, प्रदेश तथा स्थानीय सरकार बिच सहाकार्यको कमि | सूचना सम्प्रेषणको कमि | |
| | स्थानीय तहको योजना तर्जुमामा जनसमुदायको कम उपस्थिती | सुचनाको कम प्रभाह | जनसमुदायमा ज्ञानको कमि |

## २.३ खाद्य प्रणाली रुपान्तरणको सन्दर्भमा सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीहरु

शुद्धोधन गाउँपालिकाको खाद्य प्रणाली रूपान्तरणको सन्दर्भमा SWOT (सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौती) विश्लेषणले हालको अवस्था, सम्भाव्यता र सुधारका दिशाहरू स्पष्ट गर्न महत्वपूर्ण भूमिका खेल्दछ। यस विश्लेषणले दीर्घकालीन खाद्य सुरक्षाको सुनिश्चितता र समावेशी, दिगो तथा न्यायोचित खाद्य प्रणाली निर्माणमा मार्गनिर्देशन गर्दछ।

### सवल पक्षहरु:

सवल पक्षहरूको सन्दर्भमा विश्लेषण गर्दा – गाउँपालिकामा पर्याप्त मात्रामा उर्वर कृषि भूमि रहेकोले अन्न उत्पादनको राम्रो सम्भावना रहेको छ। यो कृषि उत्पादनको आधारभूत पक्षमा महत्वपूर्ण फाइदा हो। यसबाहेक, सडक सञ्जालको पहुँच राम्रो रहेकोले कृषिजन्य वस्तुहरूको ढुवानी, बजारसम्मको पहुँच र व्यापार प्रवाह सहज भएको छ। यान्त्रिक कृषि प्रणाली (जस्तैः ट्र्याक्टर, थ्रेसर, आदि) को प्रयोग बिस्तार हुँदै गएकाले श्रमको अभाव हुँदाहुँदै पनि उत्पादनमा निरन्तरता देखिन्छ। गाउँपालिकामा प्रशस्त मात्रामा फलफुल (विशेषगरी आँप) का बगैचाहरू रहेका छन्, जसले पोषणीय खाद्य आपूर्तिमा योगदान पुऱ्याउँछ। स्थानीय सरकार तथा संघसंस्थाहरू (गैर-सरकारी तथा अन्तर्राष्ट्रिय) सँगको सहकार्यले प्राविधिक सहयोग, स्रोत साधन तथा तालिमको व्यवस्था गर्न सहज भएको छ। साथै, भारतसँगको खुला सिमानाले निकासी र आयात दुवैमा सहजता दिएको छ, जुन व्यवस्थित रूपमा उपयोग गर्न सकिएमा खाद्य प्रणाली सुदृढ गर्न योगदान दिन सक्छ।

### दुर्वल तथा कमजोर पक्षहरु:

शुद्धोधन गाउँपालिकाको खाद्य प्रणाली केही गम्भीर दुर्बलता र संरचनात्मक समस्याहरू देखिन्छ। परम्परागत तथा रैथाने बीउ-बिजनको प्रयोग क्रमशः घट्दै गएको छ, जसले उत्पादनमा विविधता र स्थानीय पोषणीय बालीको अस्तित्वलाई संकटमा पारेको छ। सिँचाइ पोखरीहरूको संरक्षण र व्यवस्थापन नहुनुका साथै सिँचाइ प्रणालीको विस्तार अभावले वर्षभरि खेती गर्न कठिनाइ सिर्जना गरेको छ। बिषादी र रासायनिक मलको अत्यधिक र अनियन्त्रित प्रयोगले माटोको उर्वराशक्ति घट्दै गएको छ र उपभोगकर्ताको स्वास्थ्यमा नकारात्मक असर पारिरहेको छ। जलवायु परिवर्तनका असरहरू (जस्तैः सुख्खा, खडेरी, शीतलहर, बेमौसमी वर्षा, आदि) बढ्दै गएको छ भने जलवायु-मैत्री कृषि प्रविधिको ज्ञान र प्रयोगकर्ता जनशक्ति तथा स्रोत-साधनको अभावले दीर्घकालीन कृषि प्रणाली जोखिमपूर्ण बन्दै गएको छ। भू-उपयोग सम्बन्धी स्पष्ट नीति तथा कार्यान्वयनको अभावले कृषि भूमि अन्य प्रयोजनमा रूपान्तरण भइरहेको छ। बजार व्यवस्थापन, मूल्य निर्धारण र उपयुक्त संकलन केन्द्रको अभावले कृषकहरूलाई उचित लाभ लिनबाट वञ्चित बनाएको छ।

**सम्भावना तथा अवसरहरू:**

गाउँपालिकामा खाद्य प्रणाली रूपान्तरणका लागि उपयोग गर्न सकिने बहुआयामिक अवसरहरू छन् । प्राकृतिक जलाशयहरूको वैज्ञानिक व्यवस्थापन र संरक्षण गरी सिँचाइको सुविधा विस्तार गर्न सकिन्छ, जसले वर्षभरि उत्पादनलाई सम्भव बनाउँछ । गैर-सरकारी तथा विकास साझेदारहरूसँगको सहकार्यद्वारा स्थानीय आवश्यकता अनुसारका योजना सञ्चालन, प्राविधिक सहयोग र वित्तीय स्रोत सुनिश्चित गर्न सकिन्छ। पशुपालन व्यवसायलाई व्यावसायिक रूपमा प्रवर्धन गर्न सकिने सम्भावना छ, जसले खाद्य प्रणालीमा प्रोटिनयुक्त पोषण आपूर्ति र वैकल्पिक आय स्रोत सिर्जना गर्न सहयोग पुर्‍याउँछ । कृषि र गैर-कृषि उद्योग (जस्तैः प्रशोधन, प्याकेजिङ, मूल्य-वर्धन उद्योग) को स्थापना गरी स्थानीय उत्पादनको मूल्य श्रृंखला विस्तार गर्न सकिन्छ । रैथाने बालीहरू (जस्तैः कालानामक धान) को संरक्षण र प्रवर्धनद्वारा विशिष्ट स्थानीय ब्रान्डको विकास गर्न सकिन्छ, जसले स्वदेशी खाद्य सम्प्रभुताको प्रत्याभूति गर्दछ । साथै, भौगोलिक दृष्टिले बजारसम्म सहज पहुँच भएकोले व्यावसायिक कृषि विस्तार र व्यापारिक साझेदारीको अवसर प्रचुर देखिन्छ ।

**चुनौतीहरु:**

गाउँपालिकामा खाद्य प्रणाली रूपान्तरणमा केही प्रमुख चुनौतीहरू अझै कायम छन् । भारतसँगको खुला सिमानाका कारण स्थानीय कृषि उपजको मूल्य प्रतिस्पर्धात्मक बन्न नसकेको देखिन्छ, जसले कृषकको आम्दानीमा नकारात्मक असर पारिरहेको छ । विषादी र अखाद्य वस्तुको आयात नियन्त्रण गर्न कठिन भएकाले सार्वजनिक स्वास्थ्यमा खतरा बढिरहेको छ । बजारमा सस्तो, स्वादिलो तर पोषणहीन जंकफुडप्रति बढ्दो आकर्षणले स्थानीय उत्पादन र उपभोग संस्कृतिमा नकारात्मक प्रभाव पारिरहेको छ । त्यस्तै, जङ्गली जनावर (विशेषगरी निलगाई) को आतंकले बाली नष्ट गर्ने समस्या व्यापक छ, जसले कृषकहरूलाई हतोत्साहित बनाएको छ । आयातित खाद्य वस्तुको नियन्त्रण अभाव र वितरणमुखी कार्यक्रमहरूको लोकप्रियताले उत्पादनमुखी लगानी र दीर्घकालीन रणनीति कमजोर बनाइरहेको छ ।

### २.४ सरोकारवालाहरूको नक्सांकन र विश्लेषण

गाउँपालिकाका कार्यक्रमहरूमा सहयोगी भूमिका निर्वाह गर्ने सबै सरोकारवालाहरूको भूमिकालाई गाउँपालिकाले सधैं सम्मान र आत्मसात गर्दै आएको छ । हाल गाउँपालिकाको खाद्य अधिकार तथा खाद्य प्रणाली रूपान्तरण सम्बन्धी प्रयासमा पनि विभिन्न सरोकारवालाहरूले आ-आफ्नो क्षेत्र र क्षमताअनुसार योगदान गरिरहेका छन् । सरकारी निकायहरू, गैर-सरकारी संस्था, निजी क्षेत्र, समुदायिक संघ-संगठन, किसान समूह लगायतका सरोकारवालाहरूको सक्रिय सहभागिताले रणनीतिक योजनाको कार्यान्वयनमा प्रभावकारीता बढाउने विश्वास गरिएको छ । यस रणनीतिक योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाले सरोकारवालासँग सहकार्य, साझेदारी र निरन्तर संवादलाई अझ सुदृढ गर्दै लैजाने अपेक्षा गरेको छ ।

**सरोकारवालाहरुको नक्सांकन:**

| क्र.स. | सरोकारवाला संस्थाको नाम | कार्यक्रमको नाम | क्रियाकलापहरू | कार्य क्षेत्र |
|---|---|---|---|---|
| १ | कृषि विकास तथा पशु सेवा शाखा | समग्र कृषि तथा पशु सेवासंग सम्वन्धित कार्य | उन्नत प्रविधी प्रचार प्रसार, उपचार सेवा, मासु तथा डेरी पसल सुधार, तालिम, गोष्ठी, फार्म सुधार, यान्त्रिकरण, विउविजन तथा मलखाद वितरण, आदि | सबै वार्ड |
| २ | कृषि ज्ञान केन्द्र | व्यवसायिक कृषि, प्रविधी विस्तार, समन्वय तथा विकास सम्बन्धी कार्य | व्यवसायिक उत्पादनमा सहयोग, सिंचाइ, यान्त्रीकरण, बजारीकरण, तालिम भ्रमण तथा समन्वय आदि | जिल्ला भरी |
| ३ | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कपिलवस्तु | बजार प्रवर्धन, तालिम तथा प्रसार, अनुदान, प्राविधिक सेवा | उपचार सेवा, तालिम, गोष्ठी, मिल्क क्यान तथा डि-फ्रिज वितरण | जिल्ला भरी |
| ४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | धान सुपरजोन | यान्त्रिकरण, विउविजन, सिचाई आदि | सबै वार्ड |
| ५ | घरेलु तथा साना उद्योग | सिप संग सम्बन्धीत | सिप विकास कार्यक्रमहरू | जिल्ला भरी |
| ६ | जिल्ला समन्वय समिति | समन्वयको भूमिका | समन्वय, अनुगमन | जिल्ला भरी |
| ७ | विपद व्यवस्थापन समिति | विपद व्यबस्थापन | समन्वय, श्रोत परिचालन, अनुगमन | पालिका स्तर |
| ८ | कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय (लुम्बिनी प्रदेश) | नितिनियम, ऐनको मस्यौदा तथा कार्यक्रममा सहयोग | व्यवसायिक कार्यक्रममा सहयोग तथा निति-नियम, ऐनको मस्यौदा, नियमन, अनुगमन | लुम्बिनी प्रदेश |

| | | | | |
|---|---|---|---|---|
| ९ | लुम्बिनी योजना आयोग | बिशेष अनुदान | कृषि व्यवसाय तथा रोजगार प्रवर्धनमा बिशेष अनुदान | लुम्बिनी प्रदेश |
| १० | कृषि तथा पशुपंक्षि विकास विभाग (संघिय सरकार) | नितिनियम, ऐनको मस्यौदा तथा कार्यक्रममा सहयोग | व्यवसायिक कार्यक्रममा सहयोग तथा नितिनियम, ऐनको मस्यौदा, नियमन, अनुगमन | नेपाल भरी |
| ११ | राष्ट्रिय योजना आयोग | बिशेष अनुदान | कृषि व्यवसाय रोजगार प्रवर्धन तथा पूर्वाधार विकासमा बिशेष अनुदान | नेपाल (देश भरि) |
| १२ | बैंक तथा वित्तीय संस्था | बचत/लगानी | कृषि क्षेत्रमा लगानी | पालिका स्तर |
| १३ | संचार माध्यमः एफ. एम., टेलिभिजन, पत्र पत्रिका, अनलाईन खबर | संचार सेवा | सूचना प्रसार | जिल्ला भरी |
| १४ | एग्रोभेट | कृषि सामाग्री बिक्रि | कृषि सामाग्री बिक्रि | पालिका स्तर |
| १५ | उधोग बाणिज्य संघ | व्यापार-व्यवसाय | व्यवसाय प्रवर्धन | पालिका स्तर |
| १६ | कृषि तथा पशु बिमा कार्यक्रम संचालन गर्ने बिमा कम्पनिहरू | बिमा सम्बन्धि कार्यक्रम | बिमा प्रवर्धन | सबै वार्ड |
| १७ | विद्यालय | शिक्षा | सचेतना, दिवा खाजा | सबै वार्ड |
| १८ | सिँचाई समिति | सिँचाई व्यवस्थापन | सिँचाई सुबिधा बिस्तार | सबै वार्ड |
| १९ | कृषक समूह | जनचेतना अभिवृद्धि, आयआर्जन | जनचेतना अभिवृद्धि, आयआर्जन कार्यक्रम, तालिम, गोष्ठी | सबै वार्ड |
| २० | कृषि सहकारी | सहकारी संचालन | किसानसंग सहकार्य, मलखाद वितरण | सबै वार्ड |
| २१ | स्थानीय व्यापारी तथा व्यापार प्रवर्धन निकायहरू (जस्तैः वजार समिती) | कृषि उपजको खरिद बिक्रि | व्यवसाय प्रवर्धन | सबै वार्ड |

| | | | | |
|---|---|---|---|---|
| २२ | कृषि सम्बन्धि उधोगहरू (मसला, राइस मिल, फ्लोर मिल, आदि) | कृषि उपजको खरिद बिक्रि | व्यवसाय प्रवर्धन | सबै वार्ड |
| २३ | आमा समूह | जनचेतना अभिवृद्धि | महिलासंग छालफल, बचत, जनचेतना | सबै वार्ड |
| २४ | युवा तथा किशोरी क्लब तथा समुहहरू | युवा जागरण | तालिम, गोष्ठी, रोजगार कार्यकम | सबै वार्ड |
| २५ | कालिका स्वावलम्बन सामाजिक केन्द्र | पोषण, स्वच्छता | साना किसानको क्षमताअभिवृद्धि, आयआर्जनमा सहयोग, जनचेतना | सबै वार्ड |
| २६ | फरवार्ड नेपाल | कृषि, खाद्य सुरक्षा | साना किसानको क्षमताअभिवृद्धि, आयआर्जनमा सहयोग, जनचेतना | सबै वार्ड |
| २७ | वेल्ट हङ्गरहिल्फे (WHH) | खाद्य सुरक्षा, पोषण | साना किसानको क्षमताअभिवृद्धि, आयआर्जनमा सहयोग, जनचेतना | पालिका स्तर |
| २८ | लुम्बिनी एकिकृत विकास संस्था | क्षमता अभिवृद्धि, खानेपानी | पोषण र विपद व्यवस्थापन | सबै वार्ड |
| २९ | युनिसेफ नेपाल | खानेपानी तथा स्वच्छता | सरसफाई तथा पोषणमा सुधार | पालिका स्तर |

### २.५ दिगो खाद्य प्रणालीका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरू

शुद्धोधन गाउँपालिकाको सबल, दुर्बल पक्ष अवसर र चुनौतीहरूका साथै गाउँपालिकामा कार्यरत सरोकारवालाहरूका कार्यक्रम र भूमिकालाई मध्यनजर गर्दै अस्थिर तथा कमजोर खाद्य प्रणालीका अन्तर्निहित कारणहरूलाई समाधान गर्नका लागि उद्देश्य विश्लेषण गरिएको थियो । यस क्रममा समस्यामा आधारित हुँदै निर्धारण गरिएका उद्देश्य तथा उद्देश्य प्राप्तिका माध्यमहरू निम्न बमोजिम रहेका थिए । यी विश्लेषणको सारलाई मध्यनजर गर्दै यस गाउँपालिकाको खाद्य प्रणालीलाई समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली रूपान्तरण गर्नका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएका छन् ।

## २.५.१ उद्देश्य विश्लेषण: स्थिर र सबल खाद्य प्रणाली

**(खाद्य अधिकार, खाद्य प्रणाली स्थिर र सबल हुनुका माध्यमहरुको विश्लेषण)**



**उद्देश्य विश्लेषण: स्थिर र सबल खाद्य प्रणाली**

| उद्देश्य | माध्यम | माध्यम | माध्यम | कार्यक्रमहरू |
|---|---|---|---|---|
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच बढ्ने | अखाद्य बस्तुको प्रयोग घटने | बजारमा अखाद्य बस्तुको उपलब्धता कम हुने | खुल्ला सिमाना वाट हुने आयातको नियमन | ◆ मिश्रित तथा एकिकृत बालि बिकास कार्यक्रम<br>◆ बढी पोषण भएको वाली प्रवर्धन कार्यक्रम<br>◆ पोषण तथा खाद्य स्वच्छता सम्वन्धि जनचेतना कार्यक्रम<br>◆ पोषिलो खाना सम्वन्धि प्रदर्शनी<br>◆ रैथाने खाना प्रदर्शनी कार्यक्रम<br>◆ एक घर एक किचेन गार्डेन प्रवर्धन कार्यक्रम<br>◆ विद्यालय खाजा कार्यक्रममा स्थानीय खाद्यान्नको बृद्धि गर्ने कार्यक्रम<br>◆ नमुना पोषण गाउँ (टोल) स्थापना |
| | | बजार मुल्यको समायोजन | बजार अनुगमन प्रभावकारी तथा नियमित | |
| | पोषणयूक्त खाधान्नको उत्पादनमा बृद्धि | उत्पादनमा विविधीकरण | गुणस्तरीय बिउ/बिजन तथा श्रोत साधन उपलब्धता | |
| | | माटोको उर्वराशक्ति बढ्दै जाने | रासायनिक मल र बिषादीको व्यवस्थित प्रयोग | |
| | आम्दानीमा बृद्धि | रोजगारको अवसरहरूको सृजना | स्थानीय स्तरमा साना तथा कृषि सम्वन्धि उधोग तथा व्यवसायमा बृद्धि | |
| | पोषण सुरक्षाको सुनिश्चितता बढने | पोषणमैत्री स्थानीय शासनमा लगानी बढने | खाद्य सुरक्षा सम्वन्धि आवधिक योजना तयार हुने | |

| | | | | |
|---|---|---|---|---|
| २. उपभोग पद्धती दिगो हुने | बिविध प्रकारको खाधान्नको उपलब्धतामा बृद्धि | मिश्रित बालीको प्रयोग | खाद्य विविधिकरणको बारेमा जानकारी बढने | ◆ उन्नत बिउ बिजनको प्रवर्धन<br>◆ नस्ल सुधार (गाई, भैसी, बाख्रा) कार्यक्रम<br>◆ गोठ सुधार कार्यक्रम<br>◆ कृषक लक्षित तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम<br>◆ कृषक समुह लक्षित कृषि प्रवर्धन कार्यक्रम<br>◆ असल कृषक पहिचान र अनुदान कार्यक्रम<br>◆ स्थानीय हाट बजारको संचालन र व्यवस्थापन<br>◆ बजार अनुगमन समिति गठन र परिचालन<br>◆ कृषि उपज भण्डारणको व्यवस्थापन |
| | | उत्पादनमा बृद्धि | कृषि सामाग्री तथा सिँचाईको सुबिधा बढने | |
| | स्वच्छ खाधान्नको बढदो उपभोग | स्वच्छ खाधान्नको उत्पादनमा बृद्धि | व्यावहारिक ज्ञान र सिपको विकास | |
| | | जंकफुडको प्रयोग कम हुने | बजार र खाद्य गुणस्तरको अनुगमन हुने | |
| | गुणस्तरीय खाद्यवस्तुको पहुँचमा बृद्धि | आम्दानीमा बृद्धि | | |
| | | स्वच्छ तथा पोषण यूक्त खाधान्न सहज उपलब्धता | | |
| ३. जीविको पार्जन समन्यायिक हुने | कृषिमा व्यावसायिकरण बढने | स्थानीय उत्पादनले उचित मुल्य पाउने | बजार व्यवस्थापन | ◆ व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम<br>◆ सिप मुलक तालिम संचालन<br>◆ युवा तथा महिला लक्षित व्यवसायिक कृषि कार्यक्रम<br>◆ गरिव, भूमिहीन, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरि आय आर्जन कार्यक्रम<br>◆ कृषि सम्वन्धि साना उद्योगको प्रवर्धन कार्यक्रम<br>◆ सुलभ खाद्य पसल संचालन<br>◆ वित्तीय साक्षरता कार्यक्रम<br>◆ सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग |
| | | कृषि अनुदानको प्रभावकारी कार्यान्वयन | | |
| | आय आर्जनको अवसरमा समानता | ज्याला तथा पारिश्रमिकतामा समानता | लैङ्गिक विभेद कम हुने | |
| | | निर्णय प्रक्रियामा समावेशीता | निति नियम प्रभावकारी कार्यान्वयन | |
| | कृषि पूर्वाधारको पहुँचमा बृद्धि | पूर्वाधार निर्माणको न्यायोचित वितरण | योजना तर्जुमामा पारदर्शीता | |

| | | | | |
|---|---|---|---|---|
| ४. खाद्य प्रणाली प्रकृतिमैत्री हुने | जलवायु मैत्री खेति प्रणालीको अवलम्बनमा बृद्धि | जलवायु मैत्री कृषि प्रविधिको क्षमतामा बृद्धि | | ◆ पाङ्गारिक खेति प्रवर्धन कार्यक्रम<br>◆ ताल तलैया तथा पानीको मुहानको संरक्षण कार्यक्रम<br>◆ सार्वजनिक खाली जग्गाहरूमा वृक्षारोपण कार्यक्रम<br>◆ सामुदायिक बिउ बिजन संरक्षणको लागि पकेट क्षेत्र निर्धारण र सहयोग<br>◆ असल कृषि अभ्यास सम्बन्धि तालिम कार्यक्रम<br>◆ परम्परागत इनार, पोखरी तथा तालको संरक्षण तथा प्रवर्धन<br>◆ सिँचाई प्रवर्धन कार्यक्रम |
| | | अनुसन्धान र कृषि प्रसारको अभ्यास बढने | | |
| | प्रकृतिक जलश्रोतको संरक्षण र संवर्द्धन | प्रभावकारी योजना | समुदायस्तरको चासो बढने | |
| | | पानीको श्रोतहरूको संरक्षण | खेर गएको पानीको सदुपयोग | |
| | | | बर्षातको पानीको संरक्षण | |
| | रासायनिक मल तथा बिषादीको कम प्रयोग | असल कृषि अभ्यासको बढ्दो अवलम्वन | प्राविधिक ज्ञान सिपमा बृद्धि | |
| | | रासायनिक मल तथा बिषादीको सम्वन्धि नियमन बढने | जनचेतना बढने | |
| ५. खाद्य प्रणाली उत्थानशील हुने | समुदायस्तरमा बिउ उत्पादन र भण्डारणको व्यवस्था | घरायसी भण्डारण प्रक्रिया बढ्दै जाने | बिउ भण्डारणको परम्परागत अभ्यासमा बृद्धि | ◆ वाली उपचार शिविर संचालन<br>◆ माटो परिक्षण शिविर संचालन<br>◆ कृषि तथा पशु बिमा प्रवर्धन कार्यक्रम<br>◆ जलवायु मैत्री खेति सम्वन्धि ज्ञान र सिपको विकास<br>◆ सुख्खा सहने जातको बालि प्रवर्धन कार्यक्रम |
| | जलवायुजन्य जोखिम न्यून हुने | जलावायु परिवर्तनको असर बारेमा जानकारीमा बृद्धि | समुदायको चेतना स्तरमा बृद्धि | |
| | | पूर्वतयारीको अभ्यास तथा योजना निर्माण | श्रोत, साधन र जनशक्तिको व्यवस्थापन | |
| | कृषि तथा पशु बिमाको प्रभावकारी कार्यन्वयन | सम्बन्धित निकायको सक्रियता | | |

| | | | | |
|---|---|---|---|---|
| ६. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी प्रावधान हरूको प्रभावकारी कार्यन्वयन हुने | खाद्य सुरक्षा तथा पोषण सुधार सम्बन्धि कार्यक्रमहरू संचालन | खाद्य सुरक्षा सम्बन्धि आवधिक योजना तयार | स्थानीय सरोकारवालाहरू बीच खाद्य सम्प्रभुता सम्बन्धि ऐन बारेमा स्पष्टता | ◆ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम<br>◆ सूचना तथा संचार प्रविधिको कृषिमा प्रयोग सम्वन्धि अभिमुखीकरण<br>◆ किसान सूचिकरण कार्यक्रम<br>◆ खाद्य सुरक्षा सम्वन्धि आवधिक योजना निर्माण र कार्यान्वयन<br>◆ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम<br>◆ स्थानिय खाद्य समन्वय समिति गठन<br>◆ स्थानिय खाद्य समन्वय समितिको क्षमता अभिवृद्धि कार्यक्रम<br>◆ आवधिक योजना निर्माणमा गाउँपालिकाको क्षमता अभिवृद्धि<br>◆ अध्ययन/अनुसन्धान कार्यक्रम<br>◆ रणनीतिक योजनाको समिक्षा तथा अनुगमन |
| | | खाद्य सुरक्षा समिति गठन | स्थानीय सरकार तथा सम्वन्धित निकायहरूको सक्रियता | |
| | संघ, प्रदेश तथा स्थानीय सर कार बिच बढदो सहाकार्यता | सूचनाको प्रभावकारिता | | |
| | स्थानीय तहको योजना तर्जुमामा जनसमुदायको बढ्दो उपस्थिती | सुचना तथा संचारको पँहुच बढने | जनसमुदायमा चासो र चेतनामा बृद्धि | |

**दिगो खाद्य प्रणालीका लागि निर्धारित लक्ष्य तथा उद्देश्यहरु देहाय बमोजिम छन् ।**

लक्ष्यः लक्ष्यः सबै नागरिकलाई पर्याप्त, सुरक्षित, पोषणयुक्त र संस्कृतिसँग मेल खाने खाद्य पहुँच सुनिश्चित गर्दै समतामूलक, उत्थानशील  र दिगो खाद्य प्रणाली विकास गर्ने ।

उद्देश्यहरू:

१. सबैका लागि स्वच्छ तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्नु ।

२. दिगो उपभोगको पद्धतिको अवलम्बन गर्नु ।

३. प्रकृतिमैत्री उत्पादन प्रणाली अनुसरण गर्नु ।

४. समन्यायिक जिविकोपार्जनको अवस्थामा बढोत्तरी गर्नु ।

५. जोखिमयुक्त तथा विभिन्न विपद्हरूको विरूद्धमा उत्थानशील खाद्य प्रणाली निर्माण गर्नु ।

६. खाद्य सुशासन तथा खाद्य प्रणाली रूपान्तरणका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन कार्यान्वयन गर्नु ।

**खाद्य प्रणाली रुपान्तरणका लागि रणनीतिहरू**

- सबै समुदायको खाद्य अधिकार सुनिश्चित गर्न प्रणालीगत रूपमा प्रभावकारी नीति, कार्यक्रम र संरचनाहरूको कार्यान्वयन गरिनेछ ।
- स्थानीय उत्पादन र उपभोगलाई प्रवर्द्धन गर्दै स्वदेशी र पोषणयुक्त बालीहरूको संरक्षण र पुनर्स्थापना गरिनेछ ।
- कृषिमा आधारित आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गरी खाद्य प्रणालीलाई आर्थिकरूपमा सबल बनाइनेछ ।
- खाद्य सुरक्षामा योगदान पुऱ्याउने साना किसान, महिला, युवा र वञ्चित समुदायहरूको क्षमता अभिवृद्धि गर्दै त्यस्ता समुदाय लक्षित कार्यकमहरू संचालन गरिनेछ ।
- सुरक्षित र पोषणयुक्त खाद्यको उत्पादन, प्रशोधन, भण्डारण र वितरण प्रणालीलाई मजबुत पारिनेछ ।
- जलवायु परिवर्तन अनुकूल कृषि अभ्यास र प्रकृतिमैत्री खाद्य प्रणाली प्रवर्द्धन गरिनेछ ।
- स्थानीय खाद्य प्रणालीमा सरोकारवालाको सहकार्य र सहजीकरण प्रवर्द्धन गर्दै सहभागी योजना र कार्यान्वयन सुनिश्चित गरिनेछ ।
- खाद्यमा पहुँच र पोषण सुधार्न सार्वजनिक सेवा (खानेपानी, सरसफाइ, स्वास्थ्य सेवा) मा पहुँच र गुणस्तर सुधार गरिनेछ ।
- खाद्य सुरक्षासम्बन्धी आकस्मिक जोखिम व्यवस्थापन र विपद् प्रतिकार्य प्रणाली सुदृढ गरिनेछ ।
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूसँग गाउँपालिकाका कार्यक्रमहरूलाई समायोजन गरिनेछ ।

**२.६ कार्यक्षेत्र र कार्यक्रमहरू**

यो रणनीतिक योजनाले अपेक्षा गरेको नतिजाहरू हासिल गर्न आगामी पाँच बर्षको (आ.ब. २०८२/२०८३ देखि आ. ब. २०८६/२०८७ सम्म) लागि विभिन्न कार्यक्षेत्रहरूमा निम्नानुसार कार्यक्रहरू संचालन गरिनेछ ।

**कार्यक्रमको नाम:**

| कार्यक्षेत्रहरू | कार्यक्रम/क्रियाकलापको नाम |
|---|---|
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच | ◆ मिश्रित तथा एकिकृत बालि बिकास कार्यक्रम<br>◆ बढी पोषण भएको वाली प्रवर्धन कार्यक्रम<br>◆ पोषण तथा खाद्य स्वच्छता सम्वन्धि जनचेतना कार्यक्रम<br>◆ पोषिलो खाना सम्वन्धि प्रदर्शनी<br>◆ रैथाने खाना प्रदर्शनी कार्यक्रम<br>◆ एक घर एक किचेन गार्डेन प्रवर्धन कार्यक्रम<br>◆ विद्यालय खाजा कार्यक्रममा स्थानीय खाद्यान्नको बृद्धि गर्ने कार्यक्रम<br>◆ नमुना पोषण गाउँ (टोल) स्थापना |
| २. दिगो उपभोग पद्धती | ◆ उन्नत बिउ बिजनको प्रवर्धन<br>◆ नस्ल सुधार (गाई, भैसी, बाख्रा) कार्यक्रम<br>◆ गोठ सुधार कार्यक्रम<br>◆ कृषक लक्षित तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम<br>◆ कृषक समुह लक्षित कृषि प्रवर्धन कार्यक्रम<br>◆ असल कृषक पहिचान र अनुदान कार्यक्रम<br>◆ स्थानीय हाट बजारको संचालन र व्यवस्थापन<br>◆ बजार अनुगमन समिति गठन र परिचालन<br>◆ कृषि उपज भण्डारणको व्यवस्थापन |
| ३. समन्यायिक जीविकोपार्जन | ◆ व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम<br>◆ सिप मुलक तालिम संचालन<br>◆ युवा तथा महिला लक्षित व्यवसायिक कृषि कार्यक्रम<br>◆ गरिव, भूमिहीन, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरि आय आर्जन कार्यक्रम<br>◆ कृषि सम्वन्धि साना उद्योगको प्रवर्धन कार्यक्रम<br>◆ सुलभ खाद्य पसल संचालन<br>◆ वित्तीय साक्षरता कार्यक्रम<br>◆ सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग |

| | |
|---|---|
| ४. प्रकृतिमैत्री खाद्य प्रणाली | ◆ पाङ्गारिक खेति प्रवर्धन कार्यक्रम<br>◆ ताल तलैया तथा पानीको मुहानको संरक्षण कार्यक्रम<br>◆ सार्वजनिक खाली जग्गाहरूमा वृक्षारोपण कार्यक्रम<br>◆ सामुदायिक बिउ बिजन संरक्षणको लागि पकेट क्षेत्र निर्धारण र सहयोग<br>◆ असल कृषि अभ्यास सम्बन्धि तालिम कार्यक्रम<br>◆ परम्परागत इनार, पोखरी तथा तालको संरक्षण तथा प्रवर्धन<br>◆ सिँचाई प्रवर्धन कार्यक्रम |
| ५. उत्थानशील खाद्य प्रणाली | ◆ वाली उपचार शिविर संचालन<br>◆ माटो परिक्षण शिविर संचालन<br>◆ कृषि तथा पशु बिमा प्रवर्धन कार्यक्रम<br>◆ जलवायु मैत्री खेति सम्वन्धि ज्ञान र सिपको विकास<br>◆ सुख्खा सहने जातको बालि प्रवर्धन कार्यक्रम |
| ६. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यन्वयन | ◆ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम<br>◆ सूचना तथा संचार प्रविधिको कृषिमा प्रयोग सम्वन्धि अभिमुखीकरण<br>◆ किसान सूचिकरण कार्यक्रम<br>◆ खाद्य सुरक्षा सम्वन्धि आवधिक योजना निर्माण र कार्यान्वयन<br>◆ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम<br>◆ स्थानिय खाद्य समन्वय समिति गठन<br>◆ स्थानिय खाद्य समन्वय समितिको क्षमता अभिवृद्धि कार्यक्रम<br>◆ आवधिक योजना निर्माणमा गाउँपालिकाको क्षमता अभिवृद्धि<br>◆ अध्ययन/अनुसन्धान कार्यक्रम<br>◆ रणनीतिक योजनाको समिक्षा तथा अनुगमन |

### २.६.१ क्रियाकलापहरुको प्राथमिकताको लागि अंक निर्धारण

| क्रियाकलापहरू | खाद्य सुरक्षा तथा पोषणमा सकरात्मक योगदान दिने | वातावरणीय दिगोपना तथा उत्थानशीलता बढाउन योगदान दिने | आर्थिक रूपमा संभाव्य तथा स्थानीय स्रोतको उच्चतम परिचालनका अवसर प्रदान गर्ने | समतामूलक तथा समावेशिता बढाउन अवसर प्रदान गर्ने | तिन तहका सरकारका नीति बिच तादात्म्यता, सुशासन तथा सहभागितामा योगदान दिने | अनुसन्धान, नविनता र सहकार्य बढाउन योगदान दिने | युवा, साना किसानको सहभागिता तथा आय वृद्धिमा योगदान दिने | स्थानीय खाद्य प्रणाली प्रवर्धन तथा खाद्य क्षति न्युनता गर्न योगदान दिर्ने | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|---|---|
| | अंक १ देखि ५ सम्म (अंक ५ ले उत्कृस्ट जनाउछ) | | | | | | | | |
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच | | | | | | | | | |
| मिश्रित तथा एकिकृत बालि बिकास कार्यक्रम | ३ | २ | ३ | ४ | ५ | ३ | ४ | ५ | २९ |
| बढी पोषण भएको वाली प्रवर्धन कार्यक्रम | ५ | ४ | ३ | २ | ४ | ३ | ५ | ४ | ३० |
| पोषण तथा खाद्य स्वच्छता सम्वन्धि जनचेतना कार्यक्रम | ५ | ४ | ४ | ५ | ४ | ४ | ५ | ४ | ३५ |
| पोषिलो खाना सम्वन्धि प्रदर्शनी | ५ | ५ | ४ | ५ | ५ | ४ | ४ | ५ | ३७ |
| रैथाने खाना प्रदर्शनी कार्यक्रम | ५ | ५ | ४ | ४ | ४ | ५ | ५ | ४ | ३६ |
| एक घर एक किचेन गार्डेन प्रवर्धन कार्यक्रम | ५ | ५ | ४ | ४ | ४ | ५ | ४ | ५ | ३६ |
| विद्यालय खाजा कार्यक्रममा स्थानीय खाद्यान्नको बृद्धि गर्ने कार्यक्रम | ३ | ३ | ३ | ४ | ३ | ५ | ४ | ३ | २८ |
| नमुना पोषण गाउँ (टोल) स्थापना | २ | २ | ३ | ३ | २ | २ | २ | ३ | १९ |
| २. दिगो उपभोग पद्धती | | | | | | | | | |
| उन्नत बिउ बिजनको प्रवर्धन | ४ | ३ | ३ | ४ | ५ | ३ | ५ | ५ | ३२ |
| नस्ल सुधार (गाई, भैसी, बाख्रा) कार्यक्रम | ४ | ४ | ५ | ४ | ३ | २ | ३ | ४ | २९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गोठ सुधार कार्यक्रम | ४ | ५ | ४ | ३ | ४ | ३ | ४ | ५ | ३२ |
| कृषक लक्षित तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | ४ | ४ | ३ | ३ | ४ | ५ | ५ | ४ | ३१ |
| कृषक समुह लक्षित कृषि प्रवर्धन कार्यक्रम | ४ | ४ | ५ | ५ | ४ | ३ | ४ | ४ | ३३ |
| असल कृषक पहिचान र अनुदान कार्यक्रम | ४ | ४ | ४ | ५ | ५ | ४ | ३ | ४ | ३३ |
| स्थानीय हाट बजारको संचालन र व्यवस्थापन | ३ | ३ | ४ | ४ | ३ | ५ | ४ | ४ | ३० |
| बजार अनुगमन समिति गठन र परिचालन | ३ | ३ | २ | २ | ३ | ४ | ३ | २ | ३३ |
| कृषि उपज भण्डारणको व्यवस्थापन | ३ | ३ | ४ | ३ | ४ | ५ | ४ | ३ | २९ |
| ३. समन्यायिक जीविकोपार्जन | | | | | | | | | |
| व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम | ५ | ४ | ४ | ३ | ४ | ३ | ५ | ५ | ३३ |
| सिप मुलक तालिम संचालन | ५ | ५ | ४ | ३ | ४ | ५ | ३ | ५ | ३४ |
| युवा तथा महिला लक्षित व्यवसायिक कृषि कार्यक्रम | ५ | ५ | ५ | ४ | ५ | ४ | ५ | ४ | ३७ |
| गरिव, भूमिहीन, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरि आय आर्जन कार्यक्रम | ४ | ३ | ५ | ४ | ३ | ५ | ४ | ३ | ३१ |
| कृषि सम्वन्धि साना उद्योगको प्रवर्धन कार्यक्रम | ३ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ३२ |
| सुलभ खाद्य पसल संचालन | ३ | ३ | ४ | ३ | ४ | ५ | ३ | ४ | २९ |
| वित्तीय साक्षरता कार्यक्रम | ३ | ३ | ४ | ३ | २ | ५ | ४ | ५ | २९ |
| सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग | ३ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ३२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. प्रकृतिमैत्री खाद्य प्रणाली | | | | | | | | | |
| पाङ्गारिक खेति प्रवर्धन कार्यक्रम | ४ | ३ | ३ | ४ | ५ | ४ | ५ | ४ | ३२ |
| ताल तलैया तथा पानीको मुहानको संरक्षण कार्यक्रम | ४ | ४ | ३ | ५ | ४ | ४ | ४ | ५ | ३३ |
| सार्वजनिक खाली जग्गाहरूमा वृक्षारोपण कार्यक्रम | ५ | ५ | ४ | ३ | ४ | ३ | ४ | ५ | ३३ |
| सामुदायिक बिउ बिजन संरक्षणको लागि पकेट क्षेत्र निर्धारण र सहयोग | ५ | ४ | ३ | २ | ३ | ४ | ३ | ४ | २८ |
| असल कृषि अभ्यास सम्बन्धि तालिम कार्यक्रम | ५ | ५ | ४ | ३ | ४ | ५ | ३ | ४ | ३३ |
| परम्परागत इनार, पोखरी तथा तालको संरक्षण तथा प्रवर्धन | ३ | ३ | २ | ३ | ३ | ४ | ४ | ३ | २५ |
| सिँचाई प्रवर्धन कार्यक्रम | ४ | ४ | ५ | ४ | ३ | ४ | ४ | ५ | ३३ |
| ५. उत्थानशील खाद्य प्रणाली | | | | | | | | | |
| वाली उपचार शिविर संचालन | ३ | ४ | ४ | ४ | ५ | ४ | ३ | ५ | ३२ |
| माटो परिक्षण शिविर संचालन | ४ | ३ | ४ | ५ | ३ | ४ | २ | ४ | २९ |
| कृषि तथा पशु बिमा प्रवर्धन कार्यक्रम | ३ | ४ | ४ | ३ | ५ | ४ | ३ | ५ | ३१ |
| जलवायु मैत्री खेति सम्वन्धि ज्ञान र सिपको विकास | ४ | ५ | ४ | ३ | ४ | ५ | ३ | ५ | ३३ |
| सुख्खा सहने जातको बालि प्रवर्धन कार्यक्रम | ३ | ३ | ४ | ५ | ४ | ३ | २ | ४ | २८ |

| ६. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यन्वयन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम | ५ | ५ | ४ | ४ | ५ | ५ | ४ | ४ | ३६ |
| सूचना तथा संचार प्रविधिको कृषिमा प्रयोग सम्वन्धि अभिमुखीकरण | ४ | ३ | ३ | ४ | ४ | ३ | ५ | ४ | ३० |
| किसान सूचिकरण कार्यक्रम | ५ | ५ | ४ | ४ | ५ | ४ | ५ | ५ | ३७ |
| खाद्य सुरक्षा सम्वन्धि आवधिक योजना निर्माण र कार्यान्वयन | ५ | ४ | ४ | ४ | ४ | ५ | ५ | ४ | ३५ |
| खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन सम्वन्धि अभिमुखीकरण कार्यक्रम | ५ | ५ | ४ | ४ | ४ | ५ | ४ | ४ | ३५ |
| स्थानिय खाद्य समन्वय समिति गठन | ५ | ५ | ४ | ४ | ५ | ५ | ४ | ४ | ३६ |
| स्थानिय खाद्य समन्वय समितिको क्षमता अभिवृद्धि कार्यक्रम | ४ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४ | ३३ |
| आवधिक योजना निर्माणमा गाउँपालिकाको क्षमता अभिवृद्धि | ५ | ४ | ४ | ४ | ५ | ४ | ४ | ५ | ३५ |
| अध्ययन/अनुसन्धान कार्यक्रम | ४ | ४ | ४ | ५ | ४ | ४ | ३ | ३ | ३१ |
| रणनीतिक योजनाको अनुगमन तथा समिक्षा | ४ | ४ | ४ | ५ | ४ | ४ | ३ | ५ | ३३ |

**२.६.२ प्रस्तावित कार्यक्रमको खाका ( यस पन्चबर्षिय खाद्य अधिकार तथा खाद्य प्रणाली रणनितिक योजनाको लागि प्रस्तावित बजेट कुल १,५६,००००० ।– ( अक्षरुपी एक करोड छपन्न लाख रुपैया ) हुनेछ ।**

| कार्यक्रमको नाम | इकाई | परिमाण | वार्ड/ समुदायको नाम | लक्षित समुदाय | अनुमानित लक्षित जनसंख्या | संचालन हुने समय (आ.ब.) | अनुमानित लागत (रू) | सहयोगी संस्था वा निकाय | कार्यन्वयन गर्ने संस्था वा निकाय | अनुगमन क्रियाकलापको नाम र समय | अनुगमन गर्ने संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. स्वच्छ तथा पोषण यूक्त खाद्यमा पहुँच | | | | | | | | | | | |
| मिश्रित तथा एकिकृत बालि बिकास कार्यक्रम | पटक | २ | सबै वार्ड | कृषक | १००० | ०८२।८३ | १५ लाख | संघ | कृषि शाखा, शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | कृषि शाखा, कृषि ज्ञान केन्द्र |
| बढी पोषण भएको वाली प्रवर्धन कार्यक्रम | पटक | १ | सबै वार्ड | कृषक | ६०० | २०८२।८३ | १० लाख | प्रदेश | कृषि शाखा, शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | कृषि ब्यवसाय प्रवर्धन संस्थान |
| पोषण तथा खाद्य स्वच्छता सम्वन्धि जनचेतना कार्यक्रम | पटक | १२ | सबै वार्ड | गर्भवति तथा सुत्केरी | १००० | २०८२।८३ | ७ लाख | प्रदेश स्वास्थ्य मन्त्रालय र शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण | प्रदेश स्वास्थ्य मन्त्रालय र शुद्धोधन गा.पा |
| पोषिलो खाना सम्वन्धि प्रदर्शनी | पटक | १२ | सबै वार्ड | गर्भवति तथा सुत्केरी | १२०० | २०८२।८३ | ५ लाख | शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | स्थलगत निरीक्षण | शुद्धोधन गा.पा |
| रैथाने खाना प्रदर्शनी कार्यक्रम | पटक | १ | सबै वार्ड | कृषक तथा परिवार | ८००० | २०८२।८३ | ६ लाख | प्रदेश तथा शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | स्थलगत निरीक्षण | प्रदेश तथा शुद्धोधन गा.पा |
| एक घर एक किचेन गार्डेन प्रवर्धन कार्यक्रम | वटा | २०० | सबै वार्ड | परिवार | ६०० | २०८२।८३ | ८ लाख | सुधारिएको खाद्य प्रणाली परियोजना र शुद्धोधन गा.पा | सुधारिएको खाद्य प्रणाली परियोजना र शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | संघिय कृषि मन्त्रालय र कृषि शाखा, सुधारिएको खाद्य प्रणाली परियोजना |
| विद्यालय खाजा कार्यक्रममा स्थानीय खाद्यान्नको बृद्धि गर्ने कार्यक्रम | पटक | १ | सबै विधालाय | बिद्यार्थिहरू | ६००० | २०८२।८३ | ७ लाख | संघ शिक्षा मन्त्रालय | शुद्धोधन गा.पा शिक्षा शाखा | बिधालयको निरीक्षण/बार्षिक | संघिय शिक्षा मन्त्रालय र शुद्धोधन गा.पा शिक्षा शाखा |
| नमुना पोषण गाउँ (टोल) स्थापना | वटा | ६ | सबै वार्ड | कृषक तथा गैरकिसानहरू | ३५ | २०८२।८३ | ५ लाख | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा कृषि शाखा | शुद्धोधन गा.पा कृषि शाखा | स्थलगत निरीक्षण र छलफल / बार्षिक | संघिय कृषि मन्त्रालय र कृषि शाखा,सुधारिएको खाद्य प्रणाली परियोजना |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रैथाने खाना प्रदर्शनी कार्यक्रम | पटक | १ | सबै वार्ड | कृषक तथा परिवार | ८००० | २०८३।८४ | ६ लाख | प्रदेश तथा शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | स्थलगत निरीक्षण | प्रदेश तथा शुद्धोधन गा.पा |
| २. दिगो उपभोग पद्धती | | | | | | | | | | | |
| उन्नत बिउ बिजनको प्रवर्धन | पटक | १ | सबै वार्ड | कृषक | ३००० | २०८२।८३ | १० लाख | संघ | कृषि शाखा, शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | कृषि शाखा, कृषि ज्ञान केन्द्र |
| नस्ल सुधार (गाई, भैसी, बाख्रा) कार्यक्रम | पटक | १ | सबै वार्ड | शुद्धोधन गा.पा पशु फर्म पशु पालक | ३०० | २०८२।८३ | १० लाख | प्रदेश पशुपन्छी मन्त्रालय | पशु सेवा शाखा | तथ्यांक / बार्षिक | पशु सेवा शाखा र भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र क.ब |
| गोठ सुधार कार्यक्रम | पटक | ६ | सबै वार्ड | पशु पालक कृषक | ६० | २०८२।८३ | ६ लाख | प्रदेश पशुपन्छी मन्त्रालय | पशु सेवा शाखा | स्थलगत निरीक्षण / बार्षिक | पशु सेवा शाखा र भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र क.ब |
| कृषक लक्षित तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | २०० | २०८२।८३ | १,५०,००० | संघिय कृषि मन्त्रालय, शुद्धोधन गा.पा र संघ संस्था | गैसस (संघसंस्था) र शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण / बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| कृषक समुह लक्षित कृषि प्रवर्धन कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | २०० | २०८२।८३ | २ लाख | संघिय कृषि मन्त्रालय, शुद्धोधन गा.पा र संघ संस्था | गैसस (संघसंस्था) र शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण / बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| असल कृषक पहिचान र अनुदान कार्यक्रम | पटक | १ | सबै वार्ड | कृषक | ३० | २०८२।८३ | २,५०,००० | संघिय कृषि मन्त्रालय, र शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| स्थानीय हाट बजारको संचालन र व्यवस्थापन | वटा | ३ | लबनी, प्रगतिनगर, नन्दनगर | उपभोक्ता | १२०० | २०८२।८३ | ३,५०,००० | शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | स्थलगत निरीक्षण / बार्षिक | गा.पा |
| बजार अनुगमन समिति गठन र परिचालन | वटा | ३ | शुद्धोधन गाउँपालिका | उपभोत्ता | १६०० | निरन्तर | ३ लाख | शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | बैठक / अर्धवार्षिक | शुद्धोधन गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गोठ सुधार कार्यक्रम | पटक | ६ | सबै वार्ड | पशु पालक कृषक | ६० | २०८३/८४ | ६ लाख | प्रदेश पशुपन्छी मन्त्रालय | पशु सेवा शाखा | स्थलगत निरीक्षण/बार्षिक | पशु सेवा शाखा र भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र क.ब |
| कृषक लक्षित तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | २०० | २०८३।८४ | १,५०,००० | संघिय कृषि मन्त्रालय, शुद्धोधन गा.पा र संघ संस्था | गैसस (संघसंस्था) र शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| कृषक समुह लक्षित कृषि प्रवर्धन कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | २०० | ०८३।८४ | २ लाख | संघिय कृषि मन्त्रालय, शुद्धोधन गा.पा र संघ संस्था | गैसस (संघसंस्था) र शुद्धोधन गा.पा | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| असल कृषक पहिचान र अनुदान कार्यक्रम | पटक | १ | सबै वार्ड | कृषक | ३० | २०८३।८४ | २,५०,००० | संघिय कृषि मन्त्रालय, र शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | संघिय कृषि मन्त्रालय र शुद्धोधन गा.पा |
| कृषि उपज भण्डारणको व्यवस्थापन | वटा | १ | पालिका भित्र | कृषक | २००० | २०८३।०८४ | २० लाख | संघ,प्रदेश तथा शुद्धोधन गा.पा | प्रदेश | स्थलगत निरीक्षण/बार्षिक | गा.पा |
| बजार अनुगमन समिति गठन र परि चालन | वटा | ३ | शुद्धोधन गाउँपालिका | उपभोत्ता | १६०० | निरन्तर | ३ लाख | शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | बैठक / अर्धवार्षिक | शुद्धोधन गा.पा |
| उन्नत बिउ बिजनको प्रवर्धन | पटक | १ | सबै वार्ड | कृषक | ३००० | २०८४/८५ | १० लाख | संघ | कृषि शाखा, शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | कृषि शाखा, कृषि ज्ञान केन्द्र |
| स्थानीय हाट बजारको संचालन र व्यवस्थापन | वटा | ३ | लबनी, प्रगतिनगर, नन्दनगर | उपभोक्ता | १२०० | २०८६।८७ | ३,५०,००० | शुद्धोधन गा.पा | शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | गा.पा |
| **३. समन्यायिक जीविकोपार्जन** | | | | | | | | | | | |
| व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | ५०० | २०८२।८३ | ३० लाख | संघ | कृषि शाखा, शुद्धोधन गा.पा | स्थलगत निरीक्षण / बार्षिक | कृषि शाखा, कृषि ज्ञान केन्द्र |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गरिव, भूमिहीन, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरि आय आर्जन कार्यक्रम | पटक | २ | सबै वार्ड | गरिब तथा भुमिहिन | १०० | २०८२।८३ | ६ लाख | संघ संस्था र गाउँपालिका | संघ संस्था र गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | परियोजना टिम र शुद्धोधन गा.पा |
| कृषि सम्वन्धि साना उद्योगको प्रवर्धन कार्यक्रम | पटक | ५ | सबै वार्ड | ब्यवसायिक कृषक | १५० | २०८२।८३ | ७,५०,००० | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | प्रदेश तथा भुमि मन्त्रालय र शुद्धोधन गा.पा |
| सुलभ खाद्य पसल संचालन | वटा | १२ | सबै वार्ड | गरिब कृषक | १०० | २०८२।८३ | ७,५०,००० | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | प्रदेश तथा भुमि मन्त्रालय र शुद्धोधन गा.पा |
| वित्तीय साक्षरता कार्यक्रम | पटक | १२ | सबै वार्ड | महिला तथा पुरूष | ६०० | २०८२।८३ | ७ लाख | प्रदेश शिक्षा मन्त्रालय | शिक्षा शाखा | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | शुद्धोधन गा.पा |
| सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग | पटक | २ | सामुदायिक वन क्षेत्रको समुदाय | सामुदायिक वन क्षेत्रको समुदाय | ५० | २०८२।८३ | ५ लाख | गाउँपालिका | गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | गाउँपालिका |
| सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग | पटक | २ | सामुदायिक वन क्षेत्रको समुदाय | सामुदायिक वन क्षेत्रको समुदाय | ५० | २०८२।८३ | ५ लाख | गाउँपालिका | गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | गाउँपालिका |
| सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग | पटक | २ | सामुदायिक वन क्षेत्रको समुदाय | सामुदायिक वन क्षेत्रको समुदाय | ५० | २०८२।८३ | ५ लाख | गाउँपालिका | गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | गाउँपालिका |
| कृषि सम्वन्धि साना उद्योगको प्रवर्धन कार्यक्रम | पटक | ५ | सबै वार्ड | ब्यवसायिक कृषक | १५० | २०८३/८४ | ७,५०,००० | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | स्थलगत निरीक्षण / बार्षिक | प्रदेश तथा भुमि मन्त्रालय र शुद्धोधन गा.पा |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक वन समितिका सदस्यहरूलाई गैर काष्ठ बन पैदावर सम्बन्धि सिप मुलक तालिम र सामाग्रि सहयोग | पटक | २ | सामुदायिक वन क्षेत्रको समुदाय | सामुदायिक वन क्षेत्रको समुदाय | ५० | २०८३/८४ | ५ लाख | गाउँपालिका | गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | गाउँपालिका |
| व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम | पटक | ६ | सबै वार्ड | कृषक | ५०० | २०८५/८६ | ३० लाख | संघ | कृषि शाखा, शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | कृषि शाखा, कृषि ज्ञान केन्द्र |
| सिप मुलक तालिम संचालन | पटक | १२ | सबै वार्ड | ब्यवसायिक कृषक | २०० | २०८६।०८७ | १२ लाख | प्रदेश मन्त्रालय | शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | कृषि ज्ञान केन्द्र र पालिका |
| युवा तथा महिला लक्षित व्यवसायिक कृषि कार्यक्रम | पटक | १२ | सबै वार्ड | ब्यवसायिक कृषक | २०० | २०८६।०८७ | १२ लाख | प्रदेश मन्त्रालय | शुद्धोधन गा.पा | तथ्यांक / बार्षिक | कृषि ज्ञान केन्द्र र पालिका |
| गरिव, भूमिहीन, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित गरि आय आर्जन कार्यक्रम | पटक | २ | सबै वार्ड | गरिब तथा भुमिहिन | १०० | २०८६/८७ | ६ लाख | संघ संस्था र गाउँपालिका | संघ संस्था र गाउँपालिका | तथ्यांक र स्थलगत निरीक्षण/बार्षिक | परियोजना टिम र शुद्धोधन गा.पा |
| सुलभ खाद्य पसल संचालन | वटा | १२ | सबै वार्ड | गरिब कृषक | १०० | २०८६/८७ | ७,५०,००० | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | प्रदेश मन्त्रालय र शुद्धोधन गा.पा | स्थलगत निरीक्षण/बार्षिक | प्रदेश तथा भुमि मन्त्रालय र शुद्धोधन गा.पा |
